थाहा नगरपालिका

स्थानीय राजपत्र

खण्ड: २०७७ संख्या: ०७ मिति: २०७७/०५/२३

भाग-२

थाहा नगरपालिका

करार शिक्षक छनोट सम्बन्धी कार्यविधि, २०७७

प्रस्तावना:.

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपालको संविधान-२०७२ को अनुसूची-८ मा व्यवस्था भए बमोजिम आधारभूत र माध्यामिक शिक्षा सम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र नियमन गर्ने लगायतका कार्यहरु स्थानीय तहको भएको र थाहा नगरपालिकाको शिक्षा ऐन , २०७४ को दफा १५ को उपदफा (ढ) र (थ) तथा दफा ४९ को उपदफा (२) मा भएको व्यवस्था अनुरुप नगरपालिका भित्रका विद्यालयहरुमा रिक्त दरबन्दी र नगरपालिका मार्फत् स्रोत जुटाई वा कार्यक्रम बनाई अनुदानमा सेवा करारमा लिने शिक्षकहरुको छनोट पद्धतिलाई व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकोले, थाहा नगर शिक्षा समितिको सिफारिसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम थाहा नगर कार्यपालिकाको मिति २०७७।०९।२२ को बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

परिच्छेद -१

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ :
   (क) यस कार्यविधिको नाम " करार शिक्षक छनोट सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।
   (ख) यो कार्यविधि थाहा नगर कार्यपालिकाको बैठकले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरेको मिति देखि लागू हुनेछ ।
२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-
   (क) "विद्यालय" भन्नाले प्रारम्भिक बालविकास कक्षा देखि कक्षा १२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्दछ ।
   (ख) "विषय विशेषज्ञ" भन्नाले यसै कार्यविधिको नियम (६) बमोजिम सूचीकृत भएका आधारभूत र माध्यमिक तहका शिक्षक तथा शाखा अधिकृत (शिक्षा) समेतलाई सम्झनुपर्दछ ।
   (ग) "नगरपालिका" भन्नाले थाहा नगरपालिका, मकवानपुरलाई सम्झनुपर्दछ ।
   (घ) "विद्यालय कर्मचारी" भन्नाले शिक्षक बाहेक विद्यालय सहयोगी, विद्यालय सहायक तथा नियमित हाजिर भई तलब सुविधा लिई काम गर्ने जुनसुकै कर्मचारी सम्झनुपर्दछ ।
   (ङ) " नगर शिक्षा समिति" भन्नाले थाहा नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनुपर्दछ ।

स्थानीय राजपत्र

(च) "विद्यालय स्तरीय करार शिक्षक छनोट समिति" भन्नाले यस कार्यविधिको नियम ३ को उपनियम (१) (क) बमोजिमको समिति सम्झनुपर्दछ।

(छ) "नगरसतरीय करार शिक्षक छनोट समिति" भन्नाले नियम ३ को उपनियम १ (ख) बमोजिमको समिति सम्झनुपर्दछ ।

(ज) "ऐन" भन्नाले शिक्षा ऐन -२०२८ सम्झनुपर्दछ ।

(झ) "स्थानीय शिक्षा ऐन" भन्नाले थाहा नगरपालिकाको शिक्षा ऐन -२०७४ सम्झनुपर्दछ ।

(ञ) "करार नियुक्ति" भन्नाले दरबन्दी, राहत अनुदान, मा.शि.द्वितीय (कक्षा ११-१२) अनुदान, प्राविधिक धार अनुदान, शिक्षण सहयोग अनुदान, प्रारम्भिक बालविकास सहजकर्ता अनुदान, विद्यालय कर्मचारी अनुदान जस्ता अनुदानमा बढीमा एक वर्षको लागि करारमा काम गर्न दिइएको नियुक्ति सम्झनुपर्दछ ।

(ट) "दरवन्दी" भन्नाले विद्यालयमा कायम रहेको विभिन्न तह र श्रेणीको स्थायी प्रकृतिको शिक्षकको पद सम्झनुपर्दछ ।

(ठ) "राहत अनुदान" भन्नाले विद्यालयमा कायम गरिएको विभिन्न अस्थायी प्रकृतिको अनुदान कोटा सम्झनुपर्दछ ।

(ड) "प्राविधिक धार" भन्नाले माध्यमिक विद्यालयको कक्षा ९ देखि १२ सम्म सञ्चालन हुने प्राविधिक शिक्षा तथा व्यवसायिक विषयको छुट्टै समूह वा संकाय भन्ने सम्झनुपर्दछ ।

(ढ) "मा.शि.द्वितीय अनुदान "भन्नाले कक्षा ११ र १२ मा अध्यापन गर्ने स्नातकोत्तर उत्तीर्ण गरेका मा.शि.द्वितीय श्रेणी सरहको सुविधा दिइने अस्थायी प्रकृतिको अनुदान कोटा सम्झनुपर्दछ ।

(ण) "प्रारम्भिक बालविकास सहजकर्ता" भन्नाले प्रारम्भिक बालविकास कक्षा वा पूर्व प्राथमिक कक्षामा सहजीकरण गर्ने सहजकर्ता वा शिक्षक सम्झनुपर्दछ ।

(त) "विद्यालय सहयोगी" भन्नाले विद्यालयको आन्तरिक प्रशासनमा सहयोग गर्ने सहयोगी कर्मचारी सम्झनुपर्दछ ।

(थ) "अनुसूची" भन्नाले यसै कार्यविधिमा उल्लिखित अनुसूची सम्झनुपर्दछ ।

(द) "विज्ञको आवेदन फारम" भन्नाले यसै कार्यविधिको अनुसूची -१ बमोजिमको आवेदन फारम सम्झनुपर्दछ ।

(ध) "विज्ञको सूची" भन्नाले यसै कार्य विधिको अनुसूची -२ ,बमोजिमको विवरण सहितको नामावली तलिका वा लिष्ट सम्झनुपर्दछ ।

(न) "करार शिक्षक दरखास्त फारम" भन्नाले यसै कार्यविधिको अनुसूची -३ बमोजिम करारमा नियुक्ति हुन सम्बन्धित उम्मेदवारले भर्ने आवेदन फारमलाई सम्झनुपर्दछ।

(प) "नगर प्रमुख" भन्नाले यसै थाहा नगरपालिकाको निर्वाचित नगर प्रमुख वा सो काम गर्न तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

फ) "नगर शिक्षा अधिकारी" भन्नाले स्थानीय तह अन्तर्गत शिक्षा सेवा, शिक्षा प्रशासन समूहको अधिकृत स्तरको नवौँ वा दशौँ तहमा कार्यरत रापत्रांकित द्वितीय श्रेणी वा सो सरहको प्राविधिक उपसचिव (शिक्षा) सम्झनुपर्दछ ।

ब) "शिक्षा अधिकृत" भन्नाले स्थानीय तह अन्तर्गत शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहको रा.प.तृतीय श्रेणी प्राविधिक शाखा अधिकृत सरहको स्थानीय तहको अधिकृत स्तरको सातौँ वा आठौँ तहमा कार्यरत रापत्रांकित तृतीय श्रेणीको प्राविधिक शाखा अधिकृत (शिक्षा) सम्झनुपर्दछ ।

भ) "उम्मेदवारको वैकल्पिक सूची" भन्नाले विद्यालयस्तरीय करार शिक्षक छनोट समितिले करारमा नियुक्तिको लागि सिफारिस गरेको उम्मेदवारले करार नियुक्ति पत्र नबुझेमा वा नियुक्ति भएर पनि ६ महिना वा सो भन्दा अगावै पद छाडेमा सो स्थानमा योग्यताक्रम अनुसार करारमा नियुक्ति हुन योग्य उम्मेदवारको सूची वा नामावलीलाई बुझाउँदछ ।

म))"प्रतीक्षा सूची" भन्नाले करार शिक्षक छनोट समितिले करारमा नियुक्ति हुन योग्य उम्मेदवार वा सो सरहको समान पद र विषयका जुनसुकै शिक्षकले पद छाडेको कारणबाट ६ महिना भित्र रिक्त हुने स्थानमा करार शिक्षकमा नियुक्ति हुन योग्य उम्मेदवारको सूची वा नामावलीलाई बुझाँउछ ।

(य) " करार शिक्षक छनौटको लागि सञ्चालन गरिने परिक्षा" भन्नाले अनुसूचि -४ अनुसारको सामान्य परीक्षा , विषयगत परीक्षा, कक्षा अवलोकन र अन्तवार्ता सम्झनु पर्छ ।

(र) "दरखास्त दर्ता फाराम" भन्नाले अनुसूचि -५ अनुसारको दरखास्त दर्ता गर्ने प्रयोजनको लागि निर्मित फाराम सम्झनु पर्छ ।

(ल) "कोडिङ तथा डिकोडिङ" भन्नाले अनुसूचि -८ बमोजिम परीक्षालाई स्वच्छ र निष्पक्ष गर्न उमेदवारको पहिचान नहुने गरी अङ्क र अक्षर मिश्रित संकेत कायम गर्ने र उत्तरपुश्तिका परिक्षण गर्ने सम्वन्धी काम सकिएपछि त्यसलाई पून: जोडी उमेदवारको सङ्केताङ्कमा परिणत गर्ने कार्य सम्झनुपर्छ ।

(व) "कक्षा अवलोकन फाराम" भन्नाले अनुसूचि -१० बमोजिम उमेदवारको कक्षा अवलोकन गरी मुल्याङ्कन गर्ने फाराम सम्झनुपर्छ ।

(श) "अन्तर्वार्ता फाराम" भन्नाले अनुसूचि -११बमोजिम उमेदवारको अन्तर्वार्ता लिदा मुल्याङ्कन गरिने फाराम सम्झनुपर्छ ।

(ष) " समष्टिगत अन्तर्वार्ता फाराम" भन्नाले अनुसूचि -१२ बमोजिम तीनजना अन्तर्वार्ताकारले गरेको मुल्याङ्कनको औसत अङ्क निकाल्ने फाराम सम्झनुपर्छ ।

(स) " एकीकृत प्राप्ताङ्क तालिका" भन्नाले अनुसूचि -१३ बमोजिम उमेदवारले प्राप्त गरेको सवै अङ्क समावेस गरिएको अन्तिम अङ्क तालिका सम्झनुपर्छ ।

(ह) " सपथ ग्रहण" भन्नाले अनुसूचि -१६ अनुसार विज्ञ वा करारमा नियुक्त हुने शिक्षकले आफ्नो पदीय दायित्व स्वच्छ , निस्पक्ष,मर्यादित र इमान्दारीपूर्वक पूरा गर्छु भनेर गरेको वाचा वा कवुल सम्झनुपर्छ ।

(क्ष) " पाट्यक्रम " भन्नाले अनुसूचि -२६ बमोजिम शिक्षक सेवा आयोगले सम्वन्धित तह र विषयको शिक्षक पदपूर्तिको लागि तोकेको सामान्य तता विषयगत परीक्षाको पाठ्यक्रम सम्झनुपर्छ ।

(त्र) " परीक्षा दस्तुर " भन्नाले अनुसूचि -१८ बमोजिम सामुदयिक विद्यालयका शिक्षक तथा कर्मचारीहरु करारमा पदपूर्ति गर्दा लिइने परीक्षा दस्तुर सम्झनुपर्छ ।

(ज्ञ) " छनोट समितिका पदाधिकारी तथा विज्ञलाई दिइने पारिश्रमिक" भन्नाले अनुसूचि -२० र अनुसूचि २१ बमोजिम करार शिक्षक छनौट कार्यमा खटिने छनौट समितिका पदाधिकारी ,विज्ञ,सहायक कर्मचारी तथा सहयोगी कर्मचारी लाई दिइने वैठक भत्ता खाजा\ खाना खर्च दैनिक भत्ता तथा भ्रमण भत्ता सम्झनुपर्छ ।

परिच्छेद -२

करार शिक्षक छनोट समितिको गठन र काम, कर्तव्य, अधिकार

३. करार शिक्षक छनोट समिति : (१) यस थाहा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान र न.पा. को निशर्त अनुदानमा करारमा शिक्षकहरु छनोट गर्न देहाय बमोजिम एक करार शिक्षक छनोट समिति गठन गरिने छ ।

(क) विद्यालय स्तरीय करार शिक्षक छनोट समिति

(अ) सम्बन्धित विद्यालयको वि.व्य.स. अध्यक्ष वा निजले तोकेको उक्त समितिको सदस्य – संयोजक

(आ) नगर शिक्षा अधिकारी वा निजले तोकेको शिक्षा अधिकृत – सदस्य

(इ) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य –सदस्य

स्थानीय राजपत्र

(ई) सम्बन्धित विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(उ) करार शिक्षक छनोट समितिले विशेषज्ञको सूचीबाट गोला प्रथा गरी सकेसम्म एक जना महिला पर्ने गरी छनोट गरेको सम्बन्धित विषयको विज्ञमध्ये बाट २ जना - विज्ञ सदस्य

(ख) नगरस्तरीय करार शिक्षक छनोट समिति

(अ) नगर शिक्षा अधिकारी (प्राविधिक उपसचिव, शिक्षा सेवा) वा सो काम गर्न तोकिएको व्यक्ति – संयोजक

(आ) नगर प्रमुखले तोकेको नगर कार्यपालिका सदस्य – सदस्य

(इ) शाखा अधिकृत (प्रशासन) थाहा नगरपालिका – सदस्य

(ई) करारमा नियुक्ति गर्नुपर्ने शिक्षकको पद रिक्त भएका विद्यालयको वि.व्य.स. अध्यक्ष र प्रधानध्यापक मध्ये समितिले मनोनित गरेको बढीमा ३ (तीन) जना सदस्य– सदस्य

(उ) पद रिक्त भएका ३ विद्यालय बराबर २ जनाका दरले हुन आउने विषय-विशेषज्ञ शिक्षकहरु – विज्ञ सदस्य

(ऊ)थाहा नगरपालिकाको शिक्षक महासंघको अध्यक्ष वा शिक्षक महासंघ नगर कार्यसमितिले सिफारिस गरेको एक जना सदस्य – सदस्य

(ए) थाहा नगरपालिका, शिक्षा शाखाको प्राविधिक शाखा अधिकृत(शिक्षा) वा सो उपलब्ध हुन नसकेमा नगरपालिकाको प्रशासन सेवाको अधिकृत स्तरको कर्मचारी वा सो पनि उपलब्ध हुन नसकेमा नगर शिक्षा अधिकारीले तोकेको माध्यमिक तहको विज्ञहरु मध्ये १ जना – सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले करार शिक्षक छनोट गर्दा अनुसूची (४) बमोजिम लिखित, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा समेत सबै किसिमको परीक्षा लिई तोकिएको न्यूनतम प्राप्ताङ्क भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई नियुक्तिका लागि र त्यस पछिको बढी अंक प्राप्त गर्नेलाई वैकल्पिक वा प्रतीक्षा सूची सहित विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) नियम ३ को उपनियम १(ख) बमोजिम नगरस्तरीय करार शिक्षक छनोट समिति गठन भई कम्तीमा ४०(चालीस) जना वा सो भन्दा बढी उम्मेदवार बीच प्रतिस्पर्धा गराई न्यूनतम उत्तीर्णाङ्क ल्याउने १० जना वा सो भन्दा बढी उम्मेदवार भएमा यस समितिले नतिजा प्रकाशन गरेको मितिले ६ महिना भित्र यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा रिक्त हुन आउने समान विषय र तहमा समेत सम्बन्धित वि.व्य.स. लाई करारमा नियुक्ति गर्ने प्रयोजनका लागि प्रतीक्षा सूची बनाई नगरपालिकाको शिक्षा शाखामा पेश गर्ने छ । त्यसरी उक्त समितिले पेश गरेको सूचीलाई नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा ६ महिना भित्र रिक्त हुने समान पदमा शिक्षा शाखाले योग्यताक्रममा माथि नाम भएकालाई क्रमश: करारमा नियुक्तिको लागि सिफारिस गरी पठाउने छ । त्यसरी पठाइएको उम्मेदवारलाई बढीमा एक वर्षको लागि करारमा नियुक्ति गर्नु सम्बन्धित वि.व्य.स. को कर्तव्य हुनेछ ।

(४) उपनियम (२) र (३) बमोजिम छनोट भएका उम्मेदवारलाई विद्यालयहरुले बढीमा एक वर्षको लागि करारमा अनुसूची–५ बमोजिम नियुक्ति पत्र दिई कामकाजमा खटाउने छ । नियुक्ति पत्र बुझेको मितिले बढीमा सात दिन भित्र सिफारिस भएको व्यक्ति विद्यालयमा हाजिर भई कामकाज गर्नु पर्नेछ । विद्यालयका प्रधानाध्यपकले नियुक्ति भई कामकाज गरेको जानकारी नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाइलाई दिई अभिलेखीकरण गराउनुपर्नेछ ।

(५) नियम ३ को उपनियम (१) (क)र (ख) बमोजिमको समितिबाट छनोट भई नियुक्ति भएको शिक्षकको पद राजीनामा दिई वा पदीय आचरण बाहेक अवाञ्छित क्रियाकलाप गरेको कारणले कारबाहीमा परी स्थान रिक्त हुन आएमा ६ महिनाको अवधिभित्र उपनियम (१) (क) र (ख) बमोजिमको समितिले करार शिक्षक छनोट गर्ने प्रयोजनको लागि उपनियम (२) र (३) बमोजिम प्रतीक्षा सूची वा वैकल्पिक सूचीमा रहेको उम्मेदवार मध्येबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई सोही समितिको सिफारिस अनुसार करारमा नियुक्ति गर्नु सम्बन्धित वि.व्य.स.को कर्तव्य हुनेछ ।
(६) यस कार्यविधिमा उल्लेख भएको बाहेक करार शिक्षक छनोट सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. करार शिक्षक छनोट समितिको काम, कर्तव्य र अधिकार :- (१) विद्यालय स्तरीय करार शिक्षक छनोट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।
(क) वि.व्य.स.ले करार शिक्षक नियुक्ति गर्नको लागि तोकेर दिएको जिम्मेवारी बहन गर्ने ।

(ख) तोकिएको पदको विज्ञापन प्रकाशित गर्ने ।

(ग) विज्ञापन सम्बन्धित विद्यालय, सम्बन्धित वडा कार्यालय, सम्बन्धित नगरपालिकाको कार्यालय, सम्बन्धित शिक्षा शाखा, टाँस गर्नुका साथै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा विज्ञापन प्रकाशित गर्न सम्बन्धित विद्यालयलाई अनुरोध गर्ने ।

(घ) निम्नानुसारको पद संख्या र त्यसमा पर्नुपर्ने न्यूनतम दरखास्त संख्या नपरेमा कम्तीमा सात दिनको म्याद राखी पुन: दरखास्त आह्वान गर्ने ।

माग पद संख्या	**गर्नुपर्ने न्यूनतम दरखास्त**
१-४	माग भन्दा ३ जना बढी
५-८	माग भन्दा ४ जना बढी
९-१२	माग भन्दा ५ जना बढी
१३-१६	माग भन्दा ६ जना बढी
१७-२०	माग भन्दा ७ जना बढी
२१-२४	माग भन्दा ८ जना बढी
२५-२८	माग भन्दा ९ जना बढी
२९-३२	माग भन्दा १० जना बढी
३२ भन्दा माथि	माग गरिएको भन्दा एक तिहाइले बढी

(ङ) शिक्षक सेवा आयोगले स्थायी शिक्षक पदपूर्तिको लागि तोकेको सम्बन्धित तह,श्रेणी,पद, र विषयको पाठ्यक्रम लाई नै यस प्रयोजनको लागि पनि कायम गर्नुपर्नेछ । यस सम्बन्धमा शिक्षक सेवा आयोगले निर्धारण गरेको विषयगत पाठ्यक्रम अनुसूची-२६ बमोजिम विस्तृतीकरण गरी विज्ञापन साथ प्रकाशित गर्नुपर्नेछ ।

(च) अनुसूची-३ बमोजिमको दरखास्त फारम भरी अनुसूची-१८ बमोजिमको परीक्षा दस्तुर बुझाएर उम्मेदवारले आवेदन दिने व्यवस्था गर्नुपर्नेछ।

(छ) दरखास्त स्वीकृत गर्ने, प्रवेश पत्र प्रदान गर्ने, दरखास्तको म्याद थप्ने, परीक्षाको मिति, स्थान र समय तोक्ने कर्यमा आवश्यकता अनुसार सदस्य सचिवलाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

(ज) विज्ञापन अनुसार परीक्षा सञ्चालन गर्न विज्ञको छनोट गर्ने ।

(झ) विज्ञलाई प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरकुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन जस्ता कार्यमा लगाउने ।

(ञ) परीक्षा सञ्चालनको क्रममा केन्द्राध्यक्षको जिम्मेवारी तोक्दा विज्ञ वाहेकका सदस्यलाई तोक्ने ।

(ट) उत्तरपुस्तिका परीक्षण गर्नुपूर्व गोप्य रुपमा कोडिङ गरेर मात्र उत्तरपुस्तिका परीक्षण गर्न विज्ञलाई दिने ।

(ठ) कोडिङ कार्यमा विज्ञ बाहेकका सदस्यलाई जिम्मेवारी दिने र सकेसम्म दुई कोड प्रणालीको प्रयोग गर्ने ।

(ड) पहिलो र दोस्रो कोड गर्ने व्यक्ति बाहेकलाई मात्र अन्तर्वार्तामा मूल्याङ्कनकर्ताको जिम्मेवारी दिने ।

(ढ) पहिलो चरणको लिखित परीक्षाको प्राप्ताङ्कको गोप्य जानकारी कोडिङ गर्ने सदस्य बाहेक अरुले थाहा नपाउने गरी यकिन गरेर मात्र दोस्रो चरणको विषयगत परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको लागि नतिजा प्रकाशित गर्ने ।

(ण) प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको मूल्याङ्कन सकिएपछि मात्र सबै सदस्यले हेर्न पाउने गरी डिकोड गरी अन्तिम नतिजा प्रकाशित गर्ने।

(त) लिखित, प्रयोगात्मक र अन्तर्वार्तामा प्राप्त गरेका सबै अंकको गणना गरेर मात्र सबैभन्दा बढी अंक प्राप्त गर्नेलाई योग्यताक्रम अनुसार मुख्य उम्मेदवार र वैकल्पिक वा प्रतीक्षा सूचीका उम्मेदवारको छनोट गर्ने ।

(थ) छनोट समितिले नतिजा प्रकाशन गरेको मितिले छ माहिना भित्र विज्ञापित पद वा सो सरहको पद रिक्त हुन आएमा वैकल्पिक वा प्रतीक्षा सूचीमा रहेका उम्मेदवारलाई नियुक्ति को लगि वि.व्य.स. लाई सिफारिस गर्ने।

(द) करार शिक्षक छनोट समितिको अन्य काम, कर्तव्य र अधिकार नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

५. <u>नगर स्तरीय करार शिक्षक छनोट समितिको काम, कर्तव्य र अधिकार:-</u>

(क) नियम (४) मा उल्लिखित सबै कामका अलावा न.पा. क्षेत्र भित्र सञ्चालित सबै विद्यालयमा रिक्त रहेका शिक्षकहरु नियुक्तिको लागि नियम (४) मा उल्लिखित सबै प्रकृया पूरा गरी जुन-जुन विद्यालयमा शिक्षक माग भएको हो, उम्मेदवारको माग अनुसार योग्यताक्रमका आधारमा प्राथमिकताका साथ सिफारिस गरी पठाउने ।

(ख) सम्बन्धित विद्यालयमा रिक्त भएका भन्दा बढी उम्मेदवारले लिखित परीक्षामा न्यूनतम उत्तीर्णाङ्क भन्दा बढी अंक प्राप्त गरेको अवस्थामा उत्तीर्णाङ्क प्राप्त गर्ने सबै उम्मेदवारलाई प्रयोगात्मक र अन्तर्वार्तामा समावेश गराई लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रम कायम गरी बढी अंक प्राप्त गर्नेलाई मुख्य उम्मेदवार र त्यसपछिका सबैलाई क्रमश: प्रतीक्षा सूचीमा राख्ने ।

प्रतिलिपि राख्नुहोस्

(ग) छनोट परीक्षाको अन्तिम नतिजा प्राप्त भएको मितिले छ महिना भित्र न.पा.क्षेत्र भित्रका कुनै पनि विद्यालयमा रिक्त भएको विषय र समान तहका शिक्षक पदमा करार नियुक्तिका लागि सिफारिस गरी पठाउने ।

(घ) नगर स्तरीय करार शिक्षक छनोट समितिको अन्य काम, कर्तव्य र अधिकार नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

परिच्छेद -३

विज्ञको छनोट सम्बन्धी व्यवस्था

६. विज्ञको छनोट सम्बन्धी व्यवस्था : (१) यस थाहा नगरपालिका अन्तर्गतका विद्यालयमा नगरपालिकाको अनुदानमा उपलब्ध गराइने शिक्षकहरु तथा नगर शिक्षा ऐन, २०७४ को दफा ३८ बमोजिम साविक स्वीकृत दरबन्दीको शिक्षक करारमा लिन छनोट गर्दा आवश्यक पर्ने विज्ञहरुको योग्यता निर्धारण गरी नगर शिक्षा शाखाले कम्तीमा तीस दिनको समय दिई विषय विज्ञको रुपमा सूचीकृत हुन अनुसूची-१९ अनुसार सूचना प्रकाशन गरिनेछ । विज्ञमा सूचीकृत हुने उमेदवारले अनुसूची १(एक) अनुसारको दरखास्त फाराम भरी पेस गर्नु पर्नेछ। उक्त दरखास्तका आधारमा अनुसूची-२ बमोजिम नगरपलिकाले विज्ञको सूची प्राकाशित गर्नेछ

(२) उपनियम (१) बमोजिम सूचीकृत भएका विज्ञहरू उपर चित्त नबुझेमा अन्तिम सूची प्रकाशन गरिएको मितिले सात दिनभित्र आवश्यक सबुत प्रमाण सहित नगरपालिका शिक्षा शाखामा उजुरी दिन सकिनेछ ।

(३) उपनियम (२) बमोजिम परेको उजुरी समेतको छानबिन गरी अनुसूची-२ बमोजिमको ढाँचामा विज्ञहरुको अन्तिम सूची प्रकाशन गर्नुपर्नेछ ।

(४) करार शिक्षक छनोटका लागि लिइने लिखित परीक्षामा शिक्षक सेवा आयोगबाट निर्धारित पाठ्यक्रम र तोकिएको ढाँचा अनुसार प्रश्नपत्र निर्माण, परिमार्जन, उत्तरकुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण-सम्परीक्षण गर्ने जस्ता कार्य सूचीकृत विज्ञबाट गराउनुपर्नेछ ।

(५) विषय विज्ञद्वारा निर्मित प्रश्नपत्रलाई आवश्यकता अनुसार अन्य विज्ञ समेत समावेश गरी पुन: परिमार्जन (रि-मोड्रेसन) गरी प्रश्नपत्रलाई अन्तिम रुप दिन सकिनेछ ।

(६)प्रश्नपत्र तयार गर्दा गोपनियताका साथ तयार गर्नुपर्नेछ।

(७) कुन इकाइको कुन बुँदाबाट प्रश्न बनाउने भन्ने सम्बन्धमा विज्ञ बाहेक छनोट समितिका अन्य पदाधिकारीले तत्काल परीक्षास्थलमा नै गोलाप्रथाद्वारा पाठ्यांश निर्धारण गरिनेछ। सोही अनुसार विज्ञबाट प्रश्नपत्र तयार गर्नुपर्नेछ।

परिच्छेद-४

करार शिक्षक छनोट प्रक्रिया

७. करार शिक्षक छनोट सम्बन्धी व्यवस्था : (१) नियम (३) बमोजिमको करार शिक्षक छनोट समितिको सचिवालय थाहा नगरपालिका शिक्षा शाखा वा शिक्षक छनोट समितिले तोकेको स्थानमा हुनेछ ।

(२) शिक्षक छनोट समितिले करार शिक्षक छनोटको लागि लिइने परीक्षा तथा अन्तर्वार्ताको केन्द्र समितिले तोके बमोजिम हुनेछ तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनोट गर्दा प्रयोगात्मक परीक्षा सम्बन्धित प्रयोगशाला भएको स्थानमा राख्न सकिनेछ ।

(३) विज्ञापन अनुसारको दरखास्त प्राप्त भएपछि जाँचबुझ गरी रीत पुगेका दरखास्तलाई दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको दर्ता निस्सा वा प्रवेशपत्र तत्कालै प्रदान गर्नुपर्नेछ । साथै स्वीकृत दरखास्त अनुसार उम्मेदवारलाई लिखित तथा अन्तर्वार्ता परीक्षाको मिति, स्थान र समय समेत जानकारी गराउनुपर्नेछ ।

(४) करार शिक्षक छनोट सम्बन्धी कार्य विज्ञबाट गराउन सकिनेछ । त्यसरी विज्ञ छनोट गर्दा सम्भव भएसम्म दुईजना मध्ये एक जना महिला पर्ने गरी छनोट गर्नुपर्नेछ ।

(५) विद्यालयमा शिक्षण पेशामा आवद्ध हुन संघीय शिक्षा ऐनमा स्थायी अध्यापन अनुमति पत्र लिएको हुनुपर्ने भएकाले अध्यापन अनुमति पत्र नभएकालाई करार शिक्षक छनोटमा समावेश गरिने छैन तर प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगी, प्राविधिक धार तर्फका प्रशिक्षक, शिक्षण सहयक र मा.शि.द्वितीयको अनुदान तर्फ करारमा नियुक्ति हुन यस नियमले बाधा पुर्याएको मानिने छैन ।

परिच्छेद-५

लिखित परीक्षा, अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था

८. लिखित परीक्षा, अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था: १) करार शिक्षक छनोट समितिले परीक्षा हुने मिति, समय र स्थान तोकी स्वच्छ, निष्पक्ष र मर्यादित वातावरणमा परीक्षा सञ्चालन गर्नु पर्नेछ।

संघीय राजपत्र

(२) करार शिक्षक छनोट समितिले लिने लिखित परीक्षाको पूर्णाङ्क २००, अन्तर्वार्ताको पूर्णाङ्क २५ र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षाको पूर्णाङ्क २५ हुनेछ । पहिलो चरणको सामान्य लिखित परीक्षाको उतीर्णाङ्क ५०% र विषयगत लिखित परीक्षाको उतीर्णाङ्क ४०% हुनेछ।पहिलो चरणको सामान्य परीक्षामा सबै उमेदवार सहभागी हुन पाउने छन् ।दोस्रो चरणको परीक्षामा सहभागी हुन पहिलो चरणको सामान्य परीक्षामा ५०% अंक प्राप्त गरी उत्तीर्ण हुने उमेदवारले मात्र पाउनेछ। दोस्रो चरणको परीक्षामा कम्तिमा ४०% प्राप्ताङ्क सहित पहिलो चरणमा प्राप्त गरेको प्राप्ताङ्कको ५०% अंक गणना गरी योग्यताक्रमको आधारमा बढि अंक प्राप्त गर्ने लाई प्रयोगात्मक परीक्षा वा अन्तवार्ताको लागि छनोट गरिनेछ।
(३) पहिलो चरणको सामान्य परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको ५०% अंक,दोस्रो चरणको विषयगत परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क, प्रयोगात्मक परीक्षा भएको भए सो वापत प्राप्त गरको अंक र अन्तर्वार्तामा प्राप्त गरेको अंक सबै गणना गरी सबैभन्दा बढी अंक ल्याउने लाई क्रमश: मुख्य उमेदवार र प्रतीक्षा सूची वा वैकल्पिक उमेदवार बनाई अन्तिम नतिजा प्रकाशित गरिनेछ।
(४) छनोट समितिबाट परीक्षाको दिन बिहान ७:०० बजे गोलाप्रथाद्वारा अनुसूची-२ बमोजिमको ढाँचामा थाहा नगरपालिका शिक्षा शाखाले सूचीकृत गरिराखेको विषय विज्ञहरु मध्ये सम्भव भएसम्म एकजना महिला पर्ने गरी दुईजना विज्ञहरुको नाम छनोट गरी छिटो साधनद्वारा परीक्षा स्थलमा उपस्थितिको लागि आमन्त्रण गर्नुपर्नेछ । विज्ञ ढिलो आएमा छनोट कार्यमा विलम्ब हुने हुँदा छिटो साधन बाट आउन सक्नेलाई प्राथमिकता दिई छनोट गर्न सकिनेछ ।
(५) उपनियम (४) बमोजिम विज्ञ उपस्थित भएपछि उपनियम(२) बमोजिम हुने १०० पूर्णाङ्कको सामान्य लिखित परीक्षा (२ अंकको ५० वटा वस्तुगत वहुवैकल्पिक प्रश्न) र १०० अंकको (१० अंकको १० वटा) विषयगत प्रश्नहरु शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुसार अति गोपनियताका साथ निर्माण, परिमार्जन तथा उत्तरकुञ्जिका निर्माण गर्न लगाउनुपर्नेछ। प्रश्नपत्र निर्माण गर्नु पूर्व विज्ञको साथमा रहेको मोबाइल फोन बन्द गरी थाहा नगरपालिकाको अधिकृत प्रतिनिधिलाई जिम्मा लगाउनु पर्नेछ । प्रश्नपत्र निर्माण गरेर लिखित परीक्षा सुरु नभएसम्म विज्ञलाई प्रश्न निर्माण स्थलबाट बाहिर जान रोक लागाउनुपर्नेछ ।
(६) प्रश्नपत्रको गोपनियता कायम गर्ने दायित्व छनोट समिति, विषय विज्ञ र छनोट कार्यमा संलग्न कर्मचारी/ प्रतिनिधिको हुनेछ ।
(७) छनोट कार्यमा खटिएको शिक्षा अधिकृत /नगर शिक्षा अशिकारीको रोहवरमा सम्बन्धित परीक्षा स्थलको हाताभित्र विषयविज्ञद्वारा उत्तरपुस्तिका परीक्षण गराईनेछ ।
(८) करार शिक्षक छनोट कार्यको लागि अन्तर्वार्ताको अंक विभाजन गर्दा शिक्षक सेवा आयोगले स्थायी शिक्षक छनोटको लागि तोके अनुसार हुनेछ । सामान्यत: अन्तर्वार्तामा ३.५ अंक भन्दा कम र ७.० अंक भन्दा बढी दिन पाईने छैन । सो भन्दा बढी वा घटी दिनुपरेमा सबै सदस्यले कारण खुलाई मुचुल्का गर्नुपर्नेछ ।
(९) न्यूनतम शैक्षिक योग्यता वापत श्रेणी अनुसार क्रमश: ३,२ र १ अंक प्रदान गरिनेछ । समान तह र पदको कार्य अनुभव भए उक्त अनुभव वापत प्रतिवर्ष एक अंकका दरले बढीमा बाह्र अंकसम्म प्रदान गरिनेछ तर सरकारी अनुदानमा कार्यरत पदको अनुभवलाई मात्र अंक प्रदान गरिनेछ ।
(१०) विषयको प्रकृति हेरी आवश्यकताको आधारमा छनोट समितिले प्रयोगात्मक परीक्षा पनि लिन सक्नेछ तर लिखित परीक्षा अघि र अन्तर्वार्ता पछि प्रयोगात्मक परीक्षा लिन पाइने छैन ।
(११) विद्यालयको सांविक स्वीकृत दरबन्दी अनुसार रिक्त हुने पदमा हुने करार शिक्षक छनोट समितिले सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम करार नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा त्यसपछिको योग्यताक्रममा रहेको उम्मेदवारलाई वैकल्पिक वा प्रतीक्षासूचीमा राख्नुपर्नेछ ।
(१२) तपसिल बमोजिमको अवस्थामा समितिले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई नियुक्ति गर्न वा नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्न सक्नेछ :-
(क) सिफारिस गरेको उम्मेदवारले पन्ध्र दिनको अवधिभित्र पनि करार नियुक्ति नबुझेमा वा नलिएमा।
(ख) सिफारिस गरेको उम्मेदवारको मृत्यु भएमा, निजले छ महिना भित्र राजिनामा दिएमा।
(ग) नियुक्ति पत्र बुझेको मितिले सात दिन भित्र विद्यालयमा हाजिर नभएमा।
(१३) करार शिक्षक छनोट समितिका पदाधिकारी, विषय विज्ञ/ उम्मेदवार बीच कानुनले तोके अनुसारको नजिकको नाता सम्बन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन ।
(१४) छनोट समितिका पदाधिकारी वा विषय विज्ञले अनुसूची-२० र २१ दैनिक /भ्रमण बमोजिमको भत्ता सुविधा वा पारिश्रमिक ननाघ्ने गरी सम्बन्धित विद्यालयले भुक्तानी गर्नुपर्नेछ ।
(१५)यस कार्यविधि अनुसार दुई वा सो भन्दा बढी विद्यालयमा रिक्त रहेको दरबन्दी वा अनुदान कोटामा करारमा शिक्षक छनोट गर्दा नगरपालिका शिक्षा शाखाले निर्धारण गरेको प्रत्येक महिनाको दुईवटा शनिबार वा अन्य सार्वजनिक विदामा शिक्षक छनोट गर्दा यसै निर्देशिकाको अनुसूची-२० र २१ बमोजिमको पदाधिकारीलाई सोहि अनुसूचीमा तोकिए अनुसार

भुक्तानी गरेको रकमको शोधभर्ना थाहा नगरपालिका शिक्षा शाखाको बजेटबाट भुक्तानी गर्ने विद्यालयलाई शोधभर्ना दिइनेछ ।

परिच्छेद-६

करारमा शिक्षक नियुक्ति तथा विषय विशेषज्ञको योग्यता सम्बन्धी व्यवस्था

९. करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था : (१) नगरपालिका क्षेत्र भित्र रहेको सामुदायिक विद्यालयमा साविक स्वीकृत दरबन्दी रिक्त हुन गई तत्काल करारमा पदपूर्ति गर्नु परेमा सम्बन्धित विद्यालयले विद्यालय व्यवस्थापन समितिको बैठक बसी रिक्त पदमा करारद्वारा पदपूर्ति गर्न सिफारिस तथा अनुमतिका लागि बैठकको निर्णयमा पद रिक्त हुनुको कारण खुलाई सो सम्बन्धी कागजात समेत संलग्न राखी अनुमतिको लागि अनुसूची-२२ बमोजिमको ढाँचामा नगरपालिकाको शिक्षा शाखामा निवेदन दिनुपर्नेछ । प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी शिक्षा शाखाले पदपूर्तिका लागि विज्ञापन गर्न अनुमति प्रदान गर्नेछ ।

(२) उपनियम(१) बमोजिम विज्ञापन गर्न अनुमति प्राप्त गरेपछि सम्बन्धित विद्यालयले अनुमति लिई अनुसूची- १७ बमोजिम कम्तीमा पन्ध्र दिनको सार्वजनिक विज्ञापन प्रकाशन/प्रसारण गर्नुपर्नेछ ।

(३) यस कार्यविधि र अन्य प्रचलित कानुन बमोजिमको प्रक्रिया बहिरबाट करारमा शिक्षक नियुक्त भएमा वा गरिएमा त्यस प्रकारको शिक्षकको तलबभत्ता र अन्य सुविधा उपलब्ध गराउन यस थाहा नगरपालिका बाध्य हुने छैन ।

१०. विषय विशेषज्ञको योग्यता सम्बन्धी व्यवस्था: (१) थाहा नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयमा साविक स्वीकृत दरबन्दीको रिक्त पदमा करार शिक्षक पदपूर्ति गर्दा विषय विज्ञ हुन इच्छुक शिक्षकले यस कार्यविधिको अनुसूची-१९ बमोजिम शिक्षा शाखाबाट प्रकाशित सूचनामा तोकिएको मिति भित्र अनुसूची-१ बमोजिमको दरखास्त साथ सोही सूचनामा तोकिएका कागजात र दस्तुर बुझाउनु पर्नेछ। विज्ञ हुनको लागि न्यूनतम योग्यता र अनुभव देहाय बमोजिम हुनुपर्नेछ ।

(क) आधारभूत (प्रा.वि. १-५) तह:

(१) शैक्षिक योग्यता : कुनै पनि विषयमा शिक्षा शास्त्र संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको

(२) शिक्षण अनुभव : शिक्षक सेवा आयोगबाट सम्बन्धित तहमा स्थायी भएको र कम्तीमा ५ वर्ष अध्यापन अनुभव भएको ।

(ख) आधारभूत (नि.मा.वि कक्षा ६-८) तह:

(१) शैक्षिक योग्यता : सम्बन्धित विषयमा शिक्षा शास्त्र संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको

(२) शिक्षण अनुभव : शिक्षक सेवा आयोगबाट सम्बन्धित तह र विषयमा स्थायी भएको र कम्तीमा ५ वर्ष अध्यापन अनुभव भएको ।

(ग) माध्यामिक (कक्षा ९-१२) तह:

(१)शैक्षिक योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण (अन्य संकायमा स्नातकोत्तर गरेको भएमा एक वर्षे बी.एड. गरेको हुनुपर्ने) गरेको ।

(२)शिक्षण अनुभव : शिक्षक सेवा आयोगबाट सम्बन्धित तह र विषयमा स्थायी भएको र कम्तीमा ५ वर्ष अध्यापन अनुभव भएको ।

(३) माथिल्लो तह र श्रेणीमा कार्यरत शिक्षकलाई तल्लो तहको सम्बन्धित विषयमा विज्ञ बन्न यस नियमले बाधा पुर्याउने छैन ।

(४) तर अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि माध्यमिक तह द्वितीय र प्राविधिक धारका करार शिक्षक छनोट समितिमा विषय विज्ञ छनोट गर्दा नगर शिक्षा अधिकारीले आवश्यक पदको न्यूनतम योग्यता पुगेका र कम्तीमा एक वर्षको अनुभव भएका व्यक्तिहरु मध्ये बाट तोक्न सक्नेछ । नगरपालिका क्षेत्र भित्र विषय विज्ञको रोष्टर बनाउँदा कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुर वा थाहा नगरपालिका आसपासका अन्य स्थानीय तहमा रहेका विषय विज्ञलाई सूचीकृत हुन आव्हान गरी सूचीकरण गराएर मात्र विज्ञको रुपमा आमन्त्रण गरी करारमा शिक्षक छनोट गर्न सकिनेछ । यसरी सूचीकरण गराँउदा पनि विज्ञ अभाव भएमा विज्ञ हुनको लागि न्यूनतम योग्यता र अनुभव भएका वागमती प्रदेश भित्रका जुनसुकै सामुदायिक विद्यालयका शिक्षक वा सरकारी निकायका अधिकृत कर्मचारीलाई विज्ञको रुपमा आमन्त्रण गरी करार शिक्षक छनोट सम्बन्धी कार्य गर्न गराउन बाधा पर्ने छैन। यसरी आमन्त्रण गर्दा उक्त विज्ञ कार्यरत विद्यालय, सम्बन्धित स्थानीय तह वा कार्यालयको सहमति लिनुपर्ने छ ।

परिच्छेद-७

पुनरावलोकन सम्बन्धी व्यवस्था

११. पुनरावलकोन समितिको गठन : (१) यस कार्यबिधिको दफा ३ (क) र (ख) बमोजिमको छनोट समितिहरुले करारमा नियुक्तिको लागि शिक्षक छनोट गर्दा चित्त नबुझ्ने उम्मेदवारले उक्त प्रक्रिया उपर आफूलाई चित्त नबुझ्नाको कारण सहित ७ दिन भित्र पुनरावेदन दिएमा सो पुनरावेदनको सुनुवाइको लागि निम्नानुसारको पुनरावलोकन समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख वा नगर प्रमुखले तोकेको नगर उपप्रमुख वा न.पा. सदस्य – संयोजक

(ख) नगर प्रमुख संयोजक रहेकोमा नगर उप प्रमुख – सदस्य

(ग) न.पा. को सामाजिक विकास वा शिक्षा संयोजक मध्ये नगर प्रमुखले तोकेको एकजना – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रशासन शाखाको अधिकृत प्रतिनीधि – सदस्य

(ङ) नेपाल शिक्षक महासंघ, नगर समितिको अध्यक्ष वा समितिले तोकेको प्रतिनिधि – सदस्य

(च) छानबिन गर्नुपर्ने विषयसँग सम्बन्धित विषयका विज्ञ मध्ये नगर प्रमुख वा नगर शिक्षा समितिले तोकेको विज्ञ एकजना – सदस्य

(छ) नगर शिक्षा शाखाको प्रमुख वा निजले तोकेको शिक्षा सेवाको अधिकृत एक जना – सदस्य सचिव

(२) उपदफा(१) बमोजिमको समितिमा छानविन गर्नुपर्ने विषयसँग सम्बन्धित करार शिक्षक छनोट समितिमा रहेको सदस्य वा विज्ञ रहन पाउने छैनन् ।

तर छानविनको क्रममा निजहरुलाई लिखित जवाफ, बयान वा सोधपुछ गर्ने कार्यको लागि उपस्थित गराउन यस नियमले बाधा पुर्याएको मानिने छैन ।

(३) बैठक सम्बन्धी कार्यविधि पुनरावलोकन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. पुनरावलोकन समितिको काम, कर्तव्य र अधिकार :(१) दफा (११) बमोजिमको पुनरावलोकन समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :

(क) करार शिक्षक छनोट समितिले गरेका काम, कारवाहीका सबै कागजातहरु झिकाउने ।

(ख) झिकाइएका कागजातका सिलबन्दी खोली जाँचबुझ गर्ने ।

(ग) जाँचबुझको क्रममा आवश्यकता अनुसार परीक्षामा खटिएका विज्ञ बाहेक सम्बन्धित विषयका विज्ञ झिकाई प्रश्नपत्र तथा त्यसको उत्तरकुञ्जिका अनुसार परीक्षण तथा सम्परीक्षण गरिएको छ/छैन यकिन गर्ने ।

(घ) सिट प्लानिङ, परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण,उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण, उत्तरपुस्तिकामा दिइएका अंकहरुको गणना आदिको जाँचबुझ गर्ने ।

(ङ) सबै उत्तरपुस्तिका परीक्षण गर्दा उत्तरकुञ्जिकाको पालना गरेनगरेको जाँचबुझ गर्ने ।

(च) सबै उत्तरपुस्तिकामा एकरुपता कयम गरी परीक्षण गरेनगरेको यकिन गर्ने ।

(छ) आवश्यकता अनुसार सम्बन्धित विज्ञहरु समेतलाई झिकाई सोधपुछ वा बयान समेत गराउने ।

(ज) परीक्षा सम्बन्धी काममा गम्भिर त्रुटि भएको ठहर भएमा उक्त परीक्षा बदर गरी पुन: परीक्षा सञ्चालन गर्न करार शिक्षक छनोट समितिलाई निर्देशन दिने

(झ) छनोटको क्रममा जानी जानी गरेको कुनै गम्भीर त्रुटि भए सो को लागि चेतावनी दिने र सम्भव भएसम्म यस्तै प्रकारको अन्य छनोट प्रक्रियामा उक्त विज्ञलाई संलग्न नगराउने ।

(ञ) आवश्यकता अनुसार पुनरावलोकन समितिले आफै थप कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ ।

(ट) पुनरावलोकन समितिले छानबिन कार्यमा खटिए वापत नगर शिक्षा समितिले पाए सरहको बैठक भत्ता पाउनेछ ।

परिच्छेद-८

पुनरावेदन सम्बन्धी व्यवस्था

१३. यस कर्यबिधिको परिच्छेद ३ देखि ६ सम्म भए गरेका काम कारवाहीको सम्बन्धमा चित्त नबूझ्ने व्यक्तिले सो काम कारवाही भए गरको ७(सात) दिन भित्र परिच्छेद ७ बमोजिमको पुनरावलोकन समितिमा निवेदन दिन सक्नेछन्। पुनरावलोकन समितिले दफा १२ बमोजिम उक्त निवेदन उपर छानविन गरी दिएको निर्णय अन्तिम हुनेछ। पुनरावलोकन समितिले गरको अन्तिम निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले निर्णय भएको मितिबाट ३५ दिन भित्र बागमती प्रदेश उच्च अदालत वा सोको इजलासमा पुनरावेदन दिन सक्नेछन्।

स्थानीय राजपत्र

परिच्छेद-९
विविध

१४. थपघट, व्याख्या वा हेरफेर: (१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि थाहा नगर शिक्षा समितिले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट/संशोधन वा हेरफेर गर्न सक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा थाहा नगरपालिका शिक्षा ऐन, २०७४, नगर शिक्षा समितिको निर्णय, शिक्षक सेवा आयोग नियमावली र अन्य प्रचलित कानूनमा भएको व्यवस्था अनुसार हुनेछ ।

(२)उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि थाहा नगरपालिकालाई थप आर्थिक व्ययभार पर्ने विषयमा संशोधन वा थपघट गर्नुपरेमा नगर कार्यपालिकाबाट स्वीकृत गराउनुपर्नेछ ।

१५. बचाउ: यस कार्यविधि लागू हुनुपूर्व भए गरेका सबै काम कारवाही यस कार्यविधि बमोजिम भए गरेको मानिने छ । संघीय तथा प्रदेश कानुन सँग नबाझिएका विषयहरुमा यसै कार्यविधि बमोजिम गरिनेछ ।

१६. व्याख्या: यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा स्पष्टता नभई व्याख्या गर्नु परेमा नगर शिक्षा समितिले व्याख्या गर्नेछ र उक्त समितिले गरेको व्याख्या अन्तिम हुनेछ तर नगरपालिकालाई थप आर्थिक व्ययभार पर्ने गरी गरिएको व्याख्याको हकमा नगर कार्यपालिकाले अनुमोदन गरेपछि मात्र लागू हुनेछ ।

१७. अनुसूचीमा थपघट र संशोधन: यस कार्यविधिमा उल्लिखित अनुसूचीमा थपघट वा संशोधन गर्नुपरेमा नगर शिक्षा शाखाले थपघट वा संशोधन गरी नगर शिक्षा समितिले अनुमोदन गरेपछि लागु हुनेछ ।

१८. खारेजी: यस कार्यविधिमा उल्लेखित प्रावधान यस कार्यविधि लागूभएपछि जारी हुने संघीय तथा प्रदेश कानुनमा बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ । उक्त कानुनहरुमा नबाझिएको हकमा यसै कार्यविधि बमोजिम हुनेछ ।

स्थानीय राजपत्र

अनुसूची-१

थाहा नगरपालिका (शिक्षा शाखा)

इन्द्रायणी चौर मकवानपुर

३ नं. प्रदेश नेपाल

करार शिक्षक छनोट गर्ने प्रयोजनको लागि विज्ञको रूपमा सूचीकृत हुन भर्नुप

हालसालै खिचेको पासपोर्ट साइजको पुरा मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेद्वार र अधिकृत कर्मचारीले दस्तखत गर्ने

आवेदन फाराम

१) सूचना नं./मिति:- २) कार्यरत तह/श्रेणी: ३) अध्यापन गर्ने विषय:-

४) कार्यरत विद्यालयको नाम र ठेगाना:-

५) सुरु नियुक्ति मिति: ६) हालको पदको स्थायी नियुक्ति/बढुवा मिति:

७) व्यक्तिगत विवरण संम्बन्धी:

<table>
<tr><td rowspan="8">आवेदकको</td><td rowspan="2">नाम थर</td><td colspan="3">(देवनागरीमा):</td></tr>
<tr><td colspan="3">(Eng. In Cap. letter)</td></tr>
<tr><td colspan="2">ना.प्र.नं.:</td><td>जारी गरेको जिल्ला:</td><td>जारी मिति:</td></tr>
<tr><td colspan="3">स्थायी अध्यापन अनुमति पत्र नं:</td><td>तह: विषय:</td></tr>
<tr><td colspan="4">लिङ्ग: धर्म: वर्ण: जाति:</td></tr>
<tr><td colspan="4">विशेष चिन्ह (हुलिया):</td></tr>
<tr><td colspan="2">वैवाहिक स्थिति:</td><td colspan="2">मातृभाषा:</td></tr>
<tr><td rowspan="3">स्थायी ठेगाना</td><td colspan="2">जिल्ला</td><td colspan="2">गा.पा./ न.पा.:</td></tr>
<tr><td colspan="2">वडा नं.:</td><td colspan="2">टोल:</td></tr>
<tr><td colspan="2">मार्ग/ घर नं.:</td><td colspan="2">फोन नं.:</td></tr>
<tr><td colspan="5">पत्राचार गर्ने ठेगाना: इमेल:</td></tr>
<tr><td colspan="2">खाता भएको बैंकको नाम:</td><td>शाखा:</td><td colspan="2">खाता नं.:</td></tr>
<tr><td colspan="3">बाबुको नाम थर:</td><td colspan="2">आमाको नाम थर:</td></tr>
<tr><td colspan="3">बाजेको नाम थर:</td><td colspan="2">पति।पत्नीको नाम थर:</td></tr>
<tr><td colspan="3">इच्छाइएको व्यक्तिको नाम: नाता:</td><td colspan="2">स्थायी लेखा (PAN) नं.:</td></tr>
<tr><td rowspan="2">जन्ममिति (साल,महिना,गते)</td><td colspan="3">वि.सं.:</td><td>ई.सं.:</td></tr>
<tr><td colspan="4">आवेदन दिने अन्तिम मिति सम्मको उमेर: वर्ष: महिना: दिन:</td></tr>
<tr><td>सवारी साधन भए सोको विवरण</td><td colspan="4">सवारी साधनको किसिम:- सवारी साधन नं:-</td></tr>
</table>

८) योग्यता सम्बन्धी विवरण

क्र.स.	अध्ययन गरेको संस्थाको नाम	उत्तीर्ण गरेको			कुल प्राप्ताङ्क	प्रतिशत	मुख्य विषयहरू
		परीक्षा	साल	श्रेणी			

स्थानीय राजपत्र

१							

९) दश महिना वा सो भन्दा माथिको तालिमको विवरण

क्र.स.	तालिम दिने संस्थाको नाम	तालिमको नाम	विषय	परीक्षा उत्तीर्ण गरेको साल	श्रेणी	प्रतिशत	तालिमको अवधि	
							देखि	सम्म
१								
२								

१०) अनुभव सम्बन्धी विवरण:

क्र.स.	नियुक्ति /सरुवा/ बढुवा भएको पद/ तह /श्रेणी	निर्णय मिति			बहाली मिति			विद्यालयको नाम	अवधि		सेवा अवधि			करार,राहत, अस्थायी, स्थायी, सरूवा,बढुवा के हो?कारण खुलाउने	कैफियत
		साल	महिना	गते	साल	महिना	गते		देखि	सम्म	वर्ष	महिना	दिन		
१															
२															
३															
४															

११) विज्ञ हुन चाहेको तह र विषय

क्र.स.	तह	विषयहरु
१		
२		

१२) बिज्ञ पदमा सूचीकृत हुनका लागि आवेदन दस्तुर वापतको रकम रू. .....को भौचर नम्बर ..... दाखिला गरेको सक्कल भौचर र आवेदन फारामसाथ नागरिकता,अध्यापन अनुमति पत्र,शैक्षिक योग्यताहरु, तालिम र अनुभव सम्बन्धी कागजातहरुको फोटोकपिमा सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी थान ..... यसै साथ पेस गरेको छु।

१३) यस आवेदनमा उल्लेख गरेका सम्पूर्ण विवरणहरू सत्य छन्। विज्ञका लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती सवै शर्तहरू पालन गर्न मञ्जुर गर्दछु।लेखिएको विवरण झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

ल्याप्चे सहीछाप

दायाँ	बायाँ

.....
आवेदकको दस्तखत
नाम थर
मिति:

स्थानीय राजपत्र

अनुसूची:-२

विज्ञ सूची

क्र. श.	नाम थर	तह	सुरु नियुक्ति मिति		हालको पदमा नियुक्ति मिति	विषय	कार्यरत विद्यालय	स्थायी ठेगाना	स्थायी लेखा नं	सवारी साधनको किसिम र नं .	सुची कायम रहने अन्तिम मिति	सम्पर्क नं
			अस्थायी	स्थायी								
३												
४												
५												
६												
७												
८												
९												
१०												

अनुसूची -३

थाहा नगरपालिका (शिक्षा शाखा)

इन्द्रायणी चौर मकवानपुर ,३, नं. प्रदेश नेपाल

सबै तहका करार शिक्षक नियुक्तिको लागि दरखास्त फाराम

हालसालै खिचेको पासपोर्ट साइजको पुरा मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेद्वार र अधिकृत कर्मचारीले दस्तखत गर्ने

१) वि. नं.:- २) तह:- ३) विषय:-

४) प्रतिष्पर्धा गर्ने विद्यालयको नाम र ठेगाना:-

५) व्यक्तिगत विवरण संम्बन्धी:

उम्मेद्वारको	नाम थर	(देवनागरीमा):		
		(Eng. In Cap. letter)		
	ना.प्र.नं.:	जारी गरेको जिल्ला:	जारी मिति:	
	स्थायी अध्यापन अनुमति पत्र नं:		तह:	विषय:
	लिङ्ग: धर्म: वर्ण: जाति:			
	विशेष चिन्ह (हुलिया):			
	वैवाहिक स्थिति:		मातृभाषा:	
स्थायी	जिल्ला		गा.पा./ न.पा.:	
	वडा नं.:		टोल:	

स्थानीय राजपत्र

ठेगाना	मार्ग/ घर नं.:	फोन नं.:
पत्राचार गर्ने ठेगाना:		इमेल:
बाबुको नाम थर:		आमाको नाम थर:
बाजेको नाम थर:		पति।पत्नीको नाम थर:
जन्ममिति (साल,महिना,गते)	वि.सं.:	ई.सं.:
	दरखास्त दिने अन्तिम मिति सम्मको उमेर:वर्ष: महिना: दिन:	

६) न्यूनतम योग्यता सम्बन्धी विवरण(सम्बन्धित तहको लागि आवश्यक शैक्षिक योग्यता मात्रउल्लेख गर्ने)

क्र.स.	अध्ययन गरेको संस्थाको नाम	उत्तीर्ण गरको			कुल प्राप्ताङ्क	प्रतिशत	मुख्य विषयहरू
		परीक्षा	साल	श्रेणी			
१							
२							

७) दश महिना वा सो भन्दा माथिको तालिमको विवरण

क्र.स.	तालिम दिने संस्थाको नाम	तालिमको नाम	विषय	परीक्षा उत्तीर्ण गरेको साल	श्रेणी	प्रतिशत	तालिमको अवधि	
							देखि	सम्म
१								
२								

८)शिक्षक पदको करार परीक्षाको लागि परीक्षादस्तुर वापतको रकम रू. .....को बैंक भौचर नम्बर ..... दाखिला गरेको सक्कल भौचर र दरखास्त फाराम साथ संग्लग्न कागजातहरुको फोटोकपिमा सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी थान ..... यसै साथ पेस गरेको छु।

९) यस दरखास्तमा उल्लेख गरेका सम्पूर्णविवरणहरूसत्य छन्। उम्मेद्वारका लागि दिइएको निर्देशन मैले रामरी पढेको छु र म ती सवै शर्तहरु पालन गर्न मञ्जुर गर्दछु।लेखिएको विवरण झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

ल्याप्चे सहिछाप

दायाँ

बायाँ

.....

उम्मेद्वारको दस्तखत:-

हालसालै
खिचेकोपासपोर्ट
साइजको पूरा
मुखाकृति देखिने फोटो
टाँसीफोटोमा पर्ने गरी
उम्मेद्वार र अधिकृत
कर्मचारीले दस्तखत

...हा नगरपालिका (शिक्षा शाखा)

इन्द्रायणी चौर मकवानपुर

वागमती प्रदेश नेपाल

करार शिक्षक प्रतियोगितात्मक परीक्षा प्रवेश पत्र

<u>परीक्षार्थीले भर्ने</u>

क) उम्मेद्वारको नाम थर: २) तह । श्रेणी:

३)परीक्षा दिने विषय:- ४) वि. नं.:-

४) प्रतिष्पर्धा गर्ने विद्यालयको नाम र ठेगाना:-

५) स्थायी ठेगाना:-

..... परीक्षार्थीको

दस्तखत

<u>दरखास्त संकलन गर्ने विद्यालयको प्र.अ.ले भर्ने</u>

स्थानीय राजपत्र

यस विद्यालयको मिति ..... मा लिइने प्रतियोगितात्मक परीक्षामा तपाईलाई निम्न स्थानमा हुने छनोट परीक्षामा सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो प्रवेश पत्र **रद्द** हुनेछ।परीक्षा हुने स्थान पछि तोकिने छ।

.....

परीक्षा हुने स्थान: रोल. नं. : प्र. अ. को दस्तखत

<u>परीक्षार्थीले पालना गर्नु पर्ने नियम</u>

१) परीक्षार्थीले परीक्षा भवनमा परीक्षा दिन आउँदा प्रवेश पत्र ल्याउनु पर्ने छ। प्रवेश पत्र विना परीक्षामा बस्न पाइने छैन।

२) परीक्षा हलमा मोबाइल फोन, किताब,कापी,कागज,चीट आदि लैजान पाइने छैन।

३) प्रथम चरणको वस्तुगत लिखित परीक्षामा उत्तीर्ण हुने मात्र दोस्रो चरणको विषयगत परीक्षा दिनको लागि योग्य हुनेछ। पहिलो चरणको वस्तुगत र दोस्रो चरणको विषयगत परीक्षा अन्तर्वार्तामा सहभागी हुन पाउनेछ। अन्तर्वार्ता दिनको लागि प्रवेश पत्र र सक्कल प्रमाणपत्र लगायतका कागजातहरु अनिवार्यरुपमा ल्याउनु पर्ने छ।

४) दरखास्त फाराममा लेखिएको तह, श्रेणी, र विषयको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनु पर्ने छ।

५) परीक्षार्थीले वस्तुगत परीक्षाको लागि दिइएको निर्देशन समेत अनिवार्य पालना गर्दै उत्तर लेख्दा कालो मसी प्रयोग गर्नु पर्नेछ।

६) उत्तर पुस्तिकामा नाम,थर,रोल.नं, आदि विवरण लेखेको कभर पेजको ठीक पछाडिको पृष्ठमा उत्तर लेख्नु हुदैन।

७) परीक्षामा सिसाकलम प्रयोग गर्न पाइने छैन। सो प्रयोग गरेको पाइएमा परीक्षा **रद्द** हुनेछ।

८) परीक्षा सुरुहुनुभन्दा ३० मिनेट अगाडि सूचना गरेपछि मात्र परीक्षा भवनमा प्रवेश गर्नु पर्नेछ।

९) परीक्षा सुरुभएको आधा घण्टा पछाडि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन।

१०) परीक्षा सुरुभएको एक घण्टा व्यतित नभएसम्म परीक्षा भवनबाट बाहिर जान पाइने छैन।

११) आफुलाई चिनाउने कुनै संकेत,फोन,मोबाइल नं. आदि ऊत्तरपुस्तिकामा लेख्न र आपसमा कुराकानी तथा संकेत गर्न पाइने छैन। गरेमा परीक्षा **रद्द** हुनेछ।

१२) परीक्षा भवनमा अनुचित कार्य गरेमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

१३) विद्यालयको प्रकाशित विज्ञापन र सूचनामा उल्लेखित कार्यक्रम अनुसार परीक्षा हुनेछ।

लिखित परीक्षाका लागि दरखास्त फाराम स्वीकृत गर्दा जाँच गर्नुपर्ने रूजु सूची (Check list)

दरखास्त सम्बन्धी विवरण ठीक भएमा (√) चिन्ह लगाउनुहोस।	छ
१. परीक्षा दस्तुर बुझाएको रसिद वा भौचरको सक्कल प्रति	
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित फोटो कपि	
३. सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित फोटोकपि (वैदेशिक प्रमाण पत्रको हकमा समकक्षताको फोटोकपि समेत)	
४. स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित फोटोकपि	

स्थानीय राजपत्र

५. शिक्षा विषयमा कम्तीमा १० महिने तालिम वा शिक्षा शास्त्र विषयमा आई.एड., बि. एड., एम. एड.पूरा गरेको प्रमाण पत्रको फोटोकपि	
६. सम्बन्धित तहको सरकारी दरवन्दी वा अनुदान कोटामा काम गरेको अनुभव भए उक्त सेवा प्रमाणित पत्रको फोटोकपि	

यस वि.न.....तह ..... विषय..... मा उम्मेद्वार भई करार शिक्षक पदको प्रतियोगितात्मक लिखित परीक्षामा सहभागी हुन योग्य भएकोले यो दरखास्त स्वीकृत गरी निजलाई प्रवेश पत्र दिइएको छ।

(प्राथमिक तहको हकमा विषय उल्लेख गर्न नपर्ने)

....

(रुजु गर्ने शिक्षक /कर्मचारीको दस्तखत) (स्वीकृत गर्ने प्र. अ.को दस्तखत)

नाम थर : नाम थर :

पद: पद:

मिति: मिति:

विद्यालयको छाप:

विद्यालयको छाप

अनुसूची -४

करार शिक्षक छनोटको लागि सन्चालन गरिने परीक्षाको किसिम

१) लिखित परीक्षा

(क) पहिलो चरण: बस्तुगत परीक्षा

अ) यसमा आयोगद्वारा निर्धारित पाठ्यक्रममा आधारित रही तोकिए बमोजिम २ अंकका दरले ५० वटा बस्तुगत बहुबैकल्पिक प्रश्न सोधिने छ । यसको पूर्णाङक १००, उतीर्णाङक ५० र समय १ घण्टा हुने छ।गलत उत्तर बापत २०% अङ्क कट्टा गरिने छ ।

स्थानीय राजपत्र

आ) पहिलो चरणको परीक्षामा उत्तीर्ण भएपछि मात्र दोस्रो चरणको परीक्षामा सहभागी हुन पाइने छ । पहिलो चरणको परीक्षामा न्यूनतम उत्तीर्णाङ्क (५०%) प्राप्त गर्ने सवै परीक्षार्थी दोस्रो चरणको विषयगत परीक्षमा सहभागी हुन पाउने छन्

ख) दोस्रो चरण : विषयगत परीक्षा

अ) शिक्षक सेवा आयोगले दोस्रो चरणको विषयगत परीक्षाको लागि तोकिएको पाठ्यक्रम अनुसार १०|१० अङ्कभारका १० वटा प्रश्न सोधिने छ ।यस परीक्षाको पूर्णाङ्क १००,उत्तीर्णाङ्क ४० र समय ३ घण्टाको हुनेछ।

आ) दोस्रो चरणको परीक्षामा पहिलो चरणको परीक्षाको ५०% प्राप्ताङ्क समेत जोडेर अन्तर्वार्तामा समावेस हुन नतिजा प्रकासित गरिने छ

२) प्रयोगात्मक तथा अन्तर्वार्ता :-

अ) दोस्रो चरणको लिखित परीक्षा र पहिलो चरणको बस्तुगत परीक्षाको ५०% अङ्क गणना गरी प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि छनोट गरिने छ।

आ) यदि छनोट समितिले प्रयोगात्मक परीक्षा समेतको आवश्यकता महसुस गरेको खण्डमा २५ अंकको प्रयोगात्मक (कक्षा अवलोकन) परीक्षा लिइनेछ। प्रयोगात्मक वापत लिइने कक्षा अवलोकन फारामको ढाँचा अनुसूची १० अनुसार हुनेछ। तीन जना विज्ञहरुले कक्षा अवलोकन गरेको अंकको औसत अंक प्रयोगात्मक वापत अंक प्रदान गरिनेछ कक्षा अवलोकनको मूल्याङ्कन गर्दा ४०% भन्दा कम र ८०% भन्दा बढी अर्थात २५ पूर्णाङ्कमा १० अङ्क भन्दा कम र २० अंक भन्दा बढी अंक दिन पाइने छैन। तीन जना विज्ञले दिएको अंकको औसत अंक निकाली प्रयोगात्मक अंक प्रदान गरिनेछ।

इ) अन्तर्वार्ताको पूर्णाङ्क २५ हुनेछ जसमा अन्तर्वार्ता वापत १० अङ्क,अनुभव वपत १२ अंक र न्यूनतम शैक्षिक योग्यता वापत ३ अंकको हुनेछ। वैकल्पिक उम्मेदवार वा प्रतीक्षा सूचीको उमेदवार सहित योग्यताक्रम कायम गरिनेछ।

स्थानीय राजपत्र

अनुसूची-५

विद्यालयले दरखास्त फाराम दर्ता गर्ने ढाँचा

क्र.स.	दरखास्त दर्ता मिति	उम्मेदवारको नाम थर	स्थायी ठेगाना	तह/श्रेणी	बिषय	क्रमाङ्क	परीक्षा दस्तुर	कैफियत

अनुसूची-६

विद्यालयले दरखास्त दरखास्त स्वीकृत गरी रोल्न कायम गर्ने ढाँचा

सि .नं.	उमेदवारको नाम थर	स्थायी ठेगाना	पदश्रेणी/	विषय	कायम गरिएको क्रमांक (symbol Number)	क्रमाङ्क	परीक्षा दस्तुर	कैफियत

द्रष्टव्य:- क्रमांक कायम गर्दा जिल्ला कोड २ अंकको, न.पा .कोड २ अंकको, विद्यालय कोड ३ अंकको तह कोड १ अंकको र उमेदवार कोड ३ अंकको गरी जम्मा ११ अंकको (symbol Number)कायम गर्ने ।मकवानपुरको हकमा जिल्लाको कोड (३१) थाहा नगरपालिका (०२) विद्यालय कोड (००१ देखि ०६३ सम्म) रहेको छ। त्यस पछि उमेदवारको कोड ००१ वाट सुरु गरी ११ अंकको क्रमांक कायम गर्ने ।

स्थानीय राजपत्र

अनुसूची-७ करार शिक्षक छनोट समिति गठन देखि शिक्षक नियुक्ति सम्मका बैठकका ढाँचाहरु (वैठक नं. १)

आज मिति साल महिना गते यस श्री

विद्यालय थाहा- मा विद्यालय व्यवस्थापन समितिको वैठक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री ज्यूको अध्यक्षतामा बस्यो।बैठकमा तपसिलका महानुभावको उपस्थिति रहयो ।

<u>उपस्थिति</u>

श्री अध्यक्ष

श्री सदस्य

श्री सदस्य

श्री सदस्य

श्री सदस्य

श्री सदस्य

श्री पदेन सदस्य (वडा अध्यक्ष)

श्री शिक्षक प्रतिनिधि

श्री सदस्य सचिव (प्र.अ.)

श्री आमन्त्रित सदस्य

प्रस्तावहरु

१. तह श्रेणी करार /राहत /अनुदान कोटाको लागि करारमा शिक्षक नियुक्ति गर्न छनोट समिति गठन सम्बन्धमा

२. विज्ञापन गर्ने, विषय विज्ञ छनोट गर्ने र शिक्षक छनोट गरी सिफारिस गर्ने सम्बन्धमा

निर्णय हरू

१) प्रस्ताव नं. १ सम्बन्धमा छलफल गर्दा यस विद्यालयमा रिक्त रहेको कार्यरत शिक्षक / प्रशिक्षक श्री को स्वेच्छिक राजीनामा वि.व्य.स.को बैठकले स्वीकृत गरे पश्चात रिक्त हुन पुगेको पद करारमा छनोटको लागि शिक्षा विकास तथा समन्वय इकाइ, हेटौडाबाट मिति गतेको च.नं. को पत्रानुसार करार पदपुर्ति गर्नको लागि तपसिल बमोजिमको शिक्षक छनोट समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१) श्री वि.व्य.स. अध्यक्ष - संयोजक

२) श्री शाखा अधिकृत(शिक्षा)/नगर शिक्षा अधिकारी

३) श्री वडा अध्यक्ष - आमन्त्रित सद्स्य

४) श्री प्रधानाध्यापक - सदस्य सचिव

२) प्रस्ताव नं. २ सम्बन्धमा छलफल गर्दा प्रस्ताब नं १मा उल्लेखित पदमा करारमा पदपूर्ति गर्न विज्ञापन,विज्ञ छनोट, परीक्षा सञ्चालन लगायत सवै प्रकृया पूरा गरी शिक्षक छनोट गरी नियुक्तिको लागि यस समितिलाई सिफारिस गर्न

प्रस्ताव नं. १ मा गठित शिक्षक छनोट समितिलाई जिम्मवारी दिने निर्णय गरियो।

आजको बैठक दिनको बजे सुरु भई दिनको बजे सकियो।

वैठक नं.२ (छनोट समितको पहिलो वैठक)

स्थानीय राजपत्र

आज मिति साल गते बजे यस श्री थाहा नगरपलिका मा शिक्षक छनोट समितिको बैठक समितिका संयोजक श्री ज्यूको संयोजकत्वमा बस्यो। बैठकमा तपसिलका महानुभावहरुको उपस्थिति रहयो।

<u>उपस्थिति</u>

१) श्री वि.व्य.स. अध्यक्ष - संयोजक

२) श्री शाखा अधिकृत(शिक्षा)/नगर शिक्षा अधिकारी

३) श्री वडा अध्यक्ष - आमन्त्रित सद्स्य

४) श्री प्रधानाध्यापक - सदस्य सचिव

<u>प्रस्तावहरु</u>

१)विज्ञापन गर्ने सम्बन्धमा.

२) सदस्य सचिव लाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा

<u>निर्णयहरु</u>

१) प्रस्ताव नं १ माथि छलफल गर्दा विद्यालय व्यवस्थापन समितिको मिति गतेको निर्णय अनुसार छनोट समिति गठन गरी विज्ञापन गर्ने ,विज्ञ छनोट गर्ने, लगायतका कार्य सहित छनोट कार्य सम्पन्न गरी करार जिम्मेवारी नियुक्तिको लागि सिफारिस गर्ने जिम्मेवारी दइएको हुँदा उल्लेखित पदमा मिति गते स्थानिय / राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित भएदेखि लागु हुने गरी १५(पन्ध्र) दिनको म्याद राखि विज्ञापन गर्ने र विज्ञापनको १ प्रति विद्यालयको सूचना पाटीमा ,१ प्रति वडा कार्यालयको सूचना पाटीमा , १ प्रति थाहा नगरपालिका कार्यालयको सूचना पाटीमा ,१ प्रति शिक्षा समन्वय इकाइ मकवानपुर (हेटौडा)को सूचना पाटीमा टाँस गर्नुको साथै १ प्रति थाहा नगरपालिका शिक्षा शाखाको विज्ञापन तथा सूचना फाइलमा अभिलेखको रुपमा राख्न उपलब्ध गराउने एवम् प्रत्येक उक्त स्थानमा टाँस गरिएको मुचुल्का राख्ने निर्णय गरियो।साथै उक्त विज्ञापनमा परीक्षा किसिम,परीक्षाको पाठ्यक्रम, सम्पर्क मिति परीक्षाको मिति,समय र स्थान समेत तोकी करार शिक्षक छनोट कार्यबिधि २०७६ को अनुसूची ..... बमोजिम विज्ञापन प्रकाशन गर्ने समेत निर्णय गरियो।

निर्णय नं.२. प्रस्ताव नं २ मा छलफल गर्दा माथी निर्णय १ अनुसारको प्रकृया पूरा गरी स्थानीय /राष्ट्रिय पत्रिकामा तोकिएका बिभिन्न स्थानहरुमा सूचना टाँस गर्दा पनि करार शिक्षक छनोट सम्बन्धी कार्यबिधि २०७६ को अनुसूची बमोजिम सम्बन्धित पदको लागि आवश्यक पर्ने न्युनतम संख्यामा दरखास्त पर्न नआएमा पुर्ववत प्रकृया बमोजिम पुन: ७ (सात) दिनको म्याद थप गर्ने र सो म्याद थपको कारण बाट तोकिएको परिक्षा मिति संशोधन गर्नु पर्ने भए अध्यक्ष र नगरपालिकाको प्रतिनिधि सदस्य संग परामर्श लिई आवश्यक संशोधन गर्ने समेत गरी उमेदवारको दरखास्त स्वीकृत गर्ने, रोल नं. कायम गर्ने, प्रवेश पत्र प्रदान गर्ने लगायतका कार्य गर्न छनोट समितिका सदस्य सचिवलाई अधिकार प्रत्यायोजन गर्नर निरणय गरियो।

स्थानीय राजपत्र

आजको बैठक दिनको बजे सुरु भई दिनको बजे सकियो

बैठक नं.-३ (छनोट समितिको दोस्रो बैठक)

आज मिति साल गते बजे यस श्री थाहा नगरपलिका मा शिक्षक छनोट समितिको बैठक समितिका संयोजक श्री ज्यूको संयोजकत्वमा बस्यो। बैठकमा तपसिलका महानुभावहरुको उपस्थिति रहयो।

<u>उपस्थिति</u>

१) श्री वि.व्य.स. अध्यक्ष - संयोजक

२) श्री शाखा अधिकृत(शिक्षा)/नगर शिक्षा अधिकारी

३) श्री वडा अध्यक्ष - आमन्त्रित सद्स्य

४) श्री प्रधानाध्यापक - सदस्य सचिव

<u>प्रस्तावहरु</u>

१) विषय विशेषज्ञ छनोट बारे

<u>निर्णयहरू</u>

१) प्रस्ताव नं १ माथि छलफल गर्दा यस विद्यालयमा रिक्त भएको ..... शिक्षक नियुक्ति गर्नका लागि मिति .....मा छनोट समितिको निर्णय श्री ,नगर शिक्षा अधिकारी / शाखा अधिकृत (शिक्षा) थाहा नगरपालिका-, श्री ,र प्र.अ. श्री को रोहवरमा विषय विशेषज्ञको सूचीबाट गोलाप्रथाबाट छनोट भएको तपसिल अनुसारका बिषय विशेषज्ञ मनोनयन गरी फोन सम्पर्क बाट शिक्षक छनोट परीक्षामा बिषय विशेषज्ञको कार्य गर्न बोलाउने निर्णय सर्व सम्मतिवाट निर्णय गरियो।

तपसिल

क) विषय विशेषज्ञ श्री.....

ख) विषय विशेषज्ञ श्री .....

आजको बैठक दिनको बजे सुरु भई दिनको बजे सकियो।

स्थानीय राजपत्र

बैठक नं.-४ (विशेषज्ञ सहितको पहिलो बैठक)

आज मिति साल गते बजे यस श्री थाहा नगरपलिका मा शिक्षक छनोट समितिको बैठक समितिका संयोजक श्री संयोजकत्वमा बस्यो। बैठकमा तपसिलका महानुभावहरुको उपस्थिति रहयो।

<u>उपस्थिति</u>

१) श्री वि.व्य.स. अध्यक्ष - संयोजक

२) श्री शाखा अधिकृत(शिक्षा)/नगर शिक्षा अधिकारी

३) श्री विषय विशेषज्ञ

४) श्री विषय विशेषज्ञ

५) श्री वडा अध्यक्ष - आमन्त्रित सद्स्य

६) श्री प्रधानाध्यापक - सदस्य सचिव

<u>प्रस्तावहरु</u>

१) प्रश्न पत्र निर्माण गर्ने सम्बन्धमा

२) पहिलो चरणको परीक्षा सञ्चालन गर्ने सम्बन्धमा

३) उत्तरपुस्तिका कोडिङ डिकोडिङ गर्ने सम्बन्धमा

<u>निर्णयहरु</u>

१) प्रस्ताव नं. १ माथि छलफ ल गर्दा यस विद्यालयमा रिक्त हुन पुगेको विषय शिक्षक / प्रशिक्षक करारमा नियुक्तिका लाग लिइने प्रतियोगितात्मक लिखित परीक्षाको विषयगत र वस्तुगत दुवै प्रश्नपत्र निर्धारित पाठ्यक्रमको आधारमा परोक्षा हुने स्थान थाहा नगरपालिका मकावानपुरमा परीक्षा सञ्चालन समितिका पाँचैजना सदस्यहरुको रोहवरमा परीक्षा सञ्चालन हुनुभन्दा १ घण्टा अगाडि विषय विशेषज्ञहरुले उच्च गोपनियता कायम हुने गरी निर्माण गर्न अधिकार दिने सर्वसम्मत निर्णय गरियो।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस विद्यालयमा रिक्त हुन पुगेको विषय शिक्षक / प्रशिक्षक करारमा नियुक्तिका लाग लिइने प्रतियोगितात्मक लिखित परीक्षाका निर्माण भएको प्रश्नपत्र परीक्षा समितिका पाँचै जना सदस्यहरुको रोहवरमा सवै सदस्यहरुको मोबाइल फोन स्वीच अफ गरी आवश्यक सङ्ख्यामा फोटोकपि गरी दिनको बजे देखि परिक्षा सञ्चालन गर्ने र परीक्षार्थी हाजिर गराउने सर्व सर्वसम्मत निर्णय गरियो।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस विद्यालयमा रिक्त हुन पुगेको विषय शिक्षक / प्रशिक्षक करारमा नियुक्तिका लागि लिइने प्रतियोगितात्मक लिखित परीक्षाका उत्तपुस्तिकाहरु परीक्षा

स्थानीय राजपत्र

समितिका सदस्य थाहा नगरपालिका प्रतिनिधि श्री द्वारा गोप्य ढङ्गबाट वस्तुगत उत्तरपुस्तिकाहरु कोडिङ गर्ने सर्वसम्मत निर्णय गरियो।

आजको बैठक दिनको बजे सुरु भई दिनको बजे सकियो

बैठक नं.-५ (विशेषज्ञ सहितको दोस्रो बैठक)

आज मिति साल गते बजे यस श्री थाहा नगरपलिका मा शिक्षक छनोट समितिको बैठक समितिका संयोजक श्री संयोजकत्वमा बस्यो। बैठकमा तपसिलका महानुभावहरुको उपस्थिति रह्यो।

<u>उपस्थिति</u>

१) श्री वि.व्य.स. अध्यक्ष - संयोजक

२) श्री शाखा अधिकृत(शिक्षा)/नगर शिक्षा अधिकारी

३) श्री विषय विशेषज्ञ

४) श्री विषय विशेषज्ञ

५) श्री वडा अध्यक्ष - आमन्त्रित सद्स्य

६) श्री प्रधानाध्यापक - सदस्य सचिव

<u>प्रस्तावहरु</u>

१) पहिलो चरणको उत्तरपुस्तिका परीक्षण गर्ने सम्बन्धमा।

२) वस्तुगत लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने सम्बन्धमा ।

<u>निर्णयहरु</u>

१) प्रस्तावन नं १ मा छलफल गर्दा परीक्षा समितिका सदस्य थाहानगर प्रतिनिधि श्री बाट कोडिङ गरिएको प्रतियोगितात्मक वस्तुगत लिखित परिक्षाको उत्तरपुस्तिका सवै सदस्यहरुको रोहवरमा विषय विशेषज्ञहरुबाट निर्धारित उत्तरकुञ्जिकाको आधारमा निष्पक्ष ढङ्गबाट परीक्षण गराउने सर्वसम्मत निर्णय गरियो।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस विद्यालयमा रिक्त हुन पुगेको विषय शिक्षक / प्रशिक्षक करारमा नियुक्तिका लाग लिइएको प्रतियोगितात्मक बस्तुगत लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षणबाट सफल हुनु भएका निम्नानुसार परीक्षार्थीलाई वर्णानुक्रमानुसार विषयगत लिखित परीक्षाको लागि छनोट गर्ने सर्वसम्मत निर्णय गरियो ।

क्र स	परीक्षार्थीको नाम	रोल नं.	विषय	ठेगाना	पद	कैफियत

प्रशासनिय राजपत्र

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस विद्यालयमा रिक्त हुन पुगेको विषय शिक्षक / प्रशिक्षक करारमा नियुक्तिका लागि लिइएको प्रतियोगितात्मक वस्तुगत लिखित परीक्षामा सफल हुनु भएका परीक्षार्थीहरुलाई विषयगत लिखित परीक्षाको सहभागी हुन जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

आजको बैठक दिनको बजे सुरु भई दिनको बजे सकियो।

बैठक नं.-६ (विशेषज्ञ सहितको तेस्रो बैठक)

आज मिति साल गते बजे यस श्री थाहा नगरपलिका मा शिक्षक छनोट समितिको बैठक समितिका संयोजक श्री संयोजकत्वमा बस्यो। बैठकमा तपसिलका महानुभावहरुको उपस्थिति रहयो।

<u>उपस्थिति</u>

१) श्री वि.व्य.स. अध्यक्ष - संयोजक

२) श्री शाखा अधिकृत(शिक्षा)/नगर शिक्षा अधिकारी

३) श्री विषय विशेषज्ञ

४) श्री विषय विशेषज्ञ

५) श्री वडा अध्यक्ष - आमन्त्रित सद्स्य

६) श्री प्रधानाध्यापक - सदस्य सचिव

<u>प्रस्तावहरु</u>

१) उत्तरपुस्तिका परीक्षण गर्ने सम्बन्धमा।

२) विषयगतलिखित परीक्षाको नतिजा प्रकाशन गर्ने सम्बन्धमा ।

३) अन्तर्वार्ताको मिति,समयर स्थान तोक्ने सम्बन्धमा ।

<u>निर्णयहरु</u>

१) प्रस्तावन नं १ मा छलफल गर्दा परीक्षा समितिका सदस्य थाहानगर प्रतिनिधि श्री बाट कोडिङ गरिएको प्रतियोगितात्मक लिखित परिक्षाको उत्तरपुस्तिका सवै सदस्यहरुको रोहवरमा विषय विशेषज्ञहरुबाट निर्धारित उत्तरकुञ्जिकाको आधारमा निष्पक्ष ढङ्गबाट परीक्षण गराउने सर्वसम्मत निर्णय गरियो।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस विद्यालयमा रिक्त हुन पुगेको विषय

शिक्षक / प्रशिक्षक करारमा नियुक्तिका लाग लिइएको प्रतियोगितात्मक विषयगत लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षणबाट सफल हुनु भएका निम्नानुसार परीक्षार्थीलाई वर्णानुक्रमानुसार अन्तर्वार्ताकोलागि छनोट गर्ने सर्वसम्मत निर्णय गरियो ।

क्र स	परीक्षार्थीको नाम	रोल नं.	विषय	ठेगाना	पद	कैफियत

स्थानीय राजपत्र

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस विद्यालयमा रिक्त हुन पुगेको विषय शिक्षक / प्रशिक्षक करारमा नियुक्तिका लागि लिइएको प्रतियोगितात्मक लिखित परीक्षामा सफल हुनु भएका परीक्षार्थीहरुलाई सक्कल प्रमाणपत्र सहित अन्तर्वार्तामा सहभागी हुन जानकारी गराउने र अन्तर्वार्ता मिति गते बजे लिने सर्वसम्मत निर्णय गरियो ।

आजको बैठक दिनको बजे सुरु भई दिनको बजे सकियो।

बैठक नं.-७ (विशेषज्ञ सहितको चौथो बैठक

आज मिति साल गते बजे यस श्री थाहा नगरपलिका मा शिक्षक छनोट समितिको बैठक समितिका संयोजक श्री संयोजकत्वमा बस्यो। बैठकमा तपसिलका महानुभावहरुको उपस्थिति रहयो।

<u>उपस्थिति</u>

१) श्री वि.व्य.स. अध्यक्ष - संयोजक

२) श्री शाखा अधिकृत(शिक्षा)/नगर शिक्षा अधिकारी

३) श्री विषय विशेषज्ञ

४) श्री विषय विशेषज्ञ

५) श्री वडा अध्यक्ष - आमन्त्रित सदस्य

६) श्री प्रधानाध्यापक - सदस्य सचिव

<u>प्रस्तावहरु</u>

१) अन्तर्वार्ता सम्बन्धमा ।

२) अन्तिम नतिजा प्रकाशना गर्ने सम्बन्धमा ।

३) सिफारिस सम्बन्धमा ।

<u>निर्णयहरु</u>

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा यस विद्यालयमा रिक्त हुन पुगेको विषय शिक्षक / प्रशिक्षक करारमा नियुक्तिका लागि लिइएको प्रतियोगितात्मक लिखित परीक्षामा सफल भई अन्तर्वार्तामा छनोट भएका परीक्षार्थीको अन्तर्वार्ता लिन तपसिल अनुसारको अन्तर्वार्ता समिति बनाई ३५% प्रतिशत भन्दा तल र ७०% प्रतिशत भन्दा माथि अङ्क नदिने गरी निष्पक्ष ढङ्गबाट अन्तर्वार्ता लिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

अन्तर्वार्ता समिति

१) संयोजक वि.व्य.स. अध्यक्ष

स्थानीय राजपत्र

२) सदस्य विषय विशेषज्ञ

३) सदस्य विषय विशेषज

२) प्रस्ताव नं. २मा छलफल गर्दा आज लिइएको लिखित परीक्षा र अन्तर्वार्ता समेतको कुल अङ्कबाट तपसिल बमोजिमको योग्यताक्रम कायम हुन आएकोले अन्तिम नतिजा निम्नानुसार प्रकाशन गर्ने

क्र. स .	परीक्षार्थीको नाम	रोल नं.	स्थायी ठेगाना	विषय	तह श्रेणी	नतिजा	कैफियत

३) प्रस्ताव नं. ३ मा छलफल गर्दा आज लिइएको लिखित परीक्षा र अन्तर्वार्तामा सफल भएका उमेदवारलाई नियुक्तिको लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

आजको बैठक दिनको बजे सुरु भई दिनको बजे सकियो।

<u>अनुसूची ८</u> उत्तरपुस्तिका कोडिङ तथा डिकोडिङ सम्बन्धी ढाँचा

अनसची ८ (क) उत्तरपस्तिका ढाँचा :-

दोस्रो कोड .....

थाहा नगरपालिका

त्रागमती प्रदेश, मकवानपुर

पहिलो कोड .....

नगर स्तरीय शिक्षक तथा कर्मचारी छनौट परीक्षाको उत्तरपुस्तिका

दोस्रो कोड .....

प्राप्ताङ्क तालिका						
प्रश्न नं.	क	ख	ग	घ	ङ	जम्मा
१						
२						
३						
४						
५						
६						
७						
८						
९						
१०						
११						
१२						
१३						
१४						
१५						
१६						
१७						
परीक्षकले दिएको जम्मा प्राप्ताङ्क						

<u>परिक्षाथीलाई निर्देशन</u>

१. परीक्षार्थीले आफ्नो सङकेताङ्क अङ्क र अक्षर दुबैमा स्पष्ट रुपमा लेख्नुपर्नेछ। स्पष्ट नभएमा वा गल्ति भएमा परीक्षाफल स्थगित हुनेछ।
२. प्रश्नपत्र वितरण गरेको एक घण्टासम्म परीक्षार्थीले आफ्नो स्थान छाड्न पाउने छैन।
३. उत्तरपुस्तिकामा एकै रङको मसी प्रयोग गर्नुपर्नेछ। फरक मसी प्रयोग गर्नुपरेमा निरीक्षकको हस्ताक्षर गराउनुपर्नेछ।
४. परीक्षार्थीले प्रश्नपत्र तथा अन्य कागज मा केहि पनि लेख्नु हुँदैन।
५. कुनै विषयमा खेस्रा तयार गर्नु परेमा यसै पुस्तिकामा गर्नुपर्नेछ। खेस्रा गरिएको पना केर्नु पर्नेछ तर च्यात्न पाइने छैन।
६. कसैले थप उत्तरपुस्तिका थपेमा प्रत्येक थप उत्तरपुस्तिकामा निरीक्षकको सही गराई मूल उत्तरपुस्तिकामा समेत सङ्ख्या जनाउनु पर्नेछ। थप उत्तरपुस्तिका राम्ररी स्टिच गर्नु पर्नेछ ।
७. उत्तरपुस्तिकाको कभर पेजको भित्र पट्टीबाहेक सबै पेजमा दुवैतर्फ लेख्नुपर्नेछ। तर तोकिएको मार्जिन बाहिर लेख्नुहुँदैन।

ړ ږښښ پسه ر ښ ډ ټړښځ پډ ډ ر ډ څ ږ ړ

<u>परिक्षार्थीले स्पष्ट भर्नु पर्ने विवरण</u>

अनुसूची ८ (ग) उत्तरपुस्तिका कोडिङ रजिस्टर २

सि.न.	पहिलो कोड नं.	दोस्रो कोड नंबर

अनुसूची-९

वर्णानुक्रम अनुसार लिखित परीक्षाको नतिजा प्रकाशित गर्ने फारमको ढाँचा

विषय:- लिखित नतिजा प्रकाशन सम्बन्धमा।

प्रस्तुत विषयमा मिति गते तह श्रेणीको शिक्षक/प्रशिक्षक/वाल कक्षा शिक्षक/ कर्मचारी करारमा छनोटको लागि लिइएको वस्तुगत / विषयगत लिखित परीक्षामा सफल हुनभएको तपसिलका उमेदवारहरु बिषयगत परीक्षा / अन्तर्वार्ताको लागि छनोट हुनुभएकोले वर्णानुक्रम अनुसार नामावली प्रकाशन गरिएको छ।

तपसिल

क्र. स.	परीक्षार्थीको नाम	रोल नं.	स्थायी ठेगाना	शैक्षिक योग्यता	तह /श्रेणी	पद	कैफियत
१							

स्थानीय राजपत्र

२							
३							
४							
५							

दष्ट्रव्य: विद्यालयको लेटर प्याडमा विद्यालयको छाप र प्र.अ.को सहिछापमा तयार गरी सूचना पाटीमा टाँस गर्ने।

स्थानीय राजपत्र

अनुसूची-१०

थाहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय (शिक्षा शाखा)

इन्द्रायणी चौर,मकवानपुर

करारमा शिक्षक छनोटको लागि कक्षा अवलोकन फाराम

यो फारामको प्रयोग विद्यालय व्यवस्थापन समिति,प्रधानाध्यापक,विशेषज्ञ,शाखा अधिकृत,नगर शिक्षा अधिकारी आदिले प्रयोग गर्न सक्नेछन्।

क्र. सं.	विवरण	अतिउत्तम (१.०)	उत्तम (०.८)	राम्रो (०.६)	सामान्य (०.४)	कमजोर (०.२)
१	शिक्षकको व्यक्तित्व					
	क) सफासुग्घर					
	ख) बोलीको स्पष्टता/ भाषाको शुद्धता					
	ग) शिक्षकको आत्मविश्वास					
	घ) विद्यार्थी प्रतिको व्यवहार					
२	समय पालना					
	क) ठीक समयमा कक्षामा प्रवेश र शुरूवात					

	ख) ठीक समयमा कक्षाको अन्त्य					
३	शिक्षकको योजना र तयारी					
	क) पाठयोजना /शिक्षण योजनाको प्रारूप					
	ख) शिक्षण विधिको छनोट					
	ग) शैक्षिक सामग्रीको निर्माण वा छनोट					
४	कक्षाकोठाको व्यवस्थापन					
	क) विद्यार्थीको वसाई र प्रकाशको व्यवस्था					
	ख) कालोपाटीको प्रयोग					
	ग) शैक्षिक सामग्रीको व्यवस्थापन					
५	शिक्षण / सिकाइ क्रियाकलाप					
	क) पूर्व पाठको पुनरावलोकन र विद्यार्थीको ध्यानाकर्षण					
	ख) पाठको प्रस्तुतीकरण र विषयवस्तुमा शिक्षकको दक्षता					
	ग) शिक्षक विद्यार्थीको अन्तर्क्रिया र विद्यार्थी सहभागिता					
	घ) शैक्षिक समग्रीको प्रयोग					
	ङ) विद्यार्थीको उत्प्रेरणा प्रोत्साहन					
	च) सिर्जनात्मक र प्रवर्तनात्मक शिक्षण सिकाइ					
	छ) सहजकर्ताको रूपमा शिक्षकको प्रस्तुती					
	ज) प्रयोगात्मक अभ्यास					
	झ) शिक्षणमा उदाहरणको उपयुक्तता					
६	विद्यार्थी मूल्याङ्कन पद्धति					
	क) निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग र पाठको बीच बीचमा प्रश्न					
	ख) गृहकार्य र कक्षाकार्यको परीक्षण र विद्यार्थीलाई पृष्ठपोषण					
	ग) उद्देश्य अनुसारको मूल्याङ्कन अभिलेख					
७	शिक्षकबाट पाठको साराशंको प्रस्तुती					
	जम्मा					

कुल प्राप्ताङ्क

अंकमा	
अक्षरमा	

८) कक्षा शिक्षकको स्व: मूल्याङ्कन:

९) कक्षा अवलोकनबाट अवलोकनकर्ताले अनुभव गरेका अनुकरणीय पक्षहरू

क)

प्रतिलिपि प्रतिपत्र

ख)

ग)

अन्य सूझावहरू

क)

ख)

ग)

.....

कक्षा अवलोकनकर्ता

दस्तखत :-

नाम,थर:-

पद:-

मिति:-

द्रष्टव्य:

- कक्षा अवलोकन गर्ने अधिकारीले एक पिरियड पूरै कक्षामा बसी अवलोकन गर्नुपर्नेछ।
- कक्षा अवलोकन गर्दा अतिउत्तम भए १.०, उत्तम भए ०.८, राम्रो भए ०.६, सामान्य भए ०.४ र कमजोर भए ०.२ अंक प्रदान गर्ने
- कक्षा अवलोकन फाराममा कक्षा अवलोकनकर्ताले अनिवार्य रूपमा दस्तखत गर्नुपर्ने।
- कक्षा अवलोकनबाट कम्तीमा १०(दश) प्रतिशत प्राप्त गर्ने शिक्षक मात्र उत्तिर्ण भएको मानिने।

अनुसूची-१० 'क'

कक्षा अवलोकनको समष्टिगत फाराम

क्र. सं.	उमेदावारको नाम थर	अवलोकनकर्ता 'क' (२५)	अवलोकनकर्ता 'ख' (२५)	अवलोकनकर्ता 'ग' (२५)	जम्मा अंक (७५)	औसत अंक (२५)

स्थानीय राजपत्र

अनुसूची-११

अन्तर्वार्ता फारम

सि.न.	नाम थर	व्यक्तित्व (२)	विषयवस्तुको ज्ञान (४)	शिक्षण विधि सम्बन्धी ज्ञान (४)	जम्मा प्राप्ताङ्क (१०)
१					
२					
३					

मुल्याङ्कनकर्ताको

नाम थर:-

हस्ताक्षर:-

मिति:-

अनुसुची-१२

स्थानीय राजपत्र

एकिकृत अन्तर्वार्ता फारम

सि. न.	नाम थर	अन्तर्वार्ताकार 'क' (१०)	अन्तर्वार्ताकार 'ख' (१०)	अन्तर्वार्ताकार 'ग' (१०)	जम्मा अंक (३०)	औसत अंक (१०)
१						
२						
३						

अन्तर्वार्ताकार 'क'
नाम थर:-
हस्ताक्षर:-
मिति:-

अन्तर्वार्ताकार 'ख'
नाम थर:-
हस्ताक्षर:-
मिति:-

अन्तर्वार्ताकार 'ग'
नाम थर:-
हस्ताक्षर:-
मिति:-

अनुसूची(१३)

एकीकृत प्राप्ताङ्क तालिकाको ढाँचा

क्र. स.	रोल न.	नाम थर	लिखित परीक्षा		कक्षा अवलोकन (२५)	अन्तर्वार्ता (१०)	अनुभव (१२)	शैक्षिक योग्यता (३)	जम्मा (२००)
			वस्तुगत (५०)	विषयगत (१००)					

प्र.अ. (सदस्य सचिव)
नाम थर:-
हस्ताक्षर:-
मिति:-

विशेषज्ञ
नाम थर:-
हस्ताक्षर:-
मिति:-

विशेषज्ञ
नाम थर:-
हस्ताक्षर:-
मिति:-

वि. व्य. स. अध्यक्ष
नाम थर:-
हस्ताक्षर:-
मिति:-

उप-सचिव थाहा न.पा.
नाम थर:-
हस्ताक्षर:-
मिति:-

स्थानीय राजपत्र

अनुसूची -१४ 'क'

करार नियुक्ति पत्रको ढाँचा

श्री विद्यालय ,थाहा- मकवानपुर

मितिः-

श्री .....

....., मकवानपुर

विषयः-.....शिक्षक (.....विषय) सेवा करार सम्बन्धमा।

तपाईलाई मिति २०..... ।..... । को निर्णयानुसार थाहा नगरपालिका वडा नं. ..... स्थित ....विद्यालयको ..... शिक्षक .....श्रेणी .....विषयको .....पदको लागि यसैसाथ संलग्न करार सम्झौता बमोजिम मिति २०.....।.....। .....गते देखि २०.....।.....। ..... सम्मका लागि सेवा करार गरिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काममा सदैव वफादार रही अनुशासित, इमान्दार, निष्पक्ष र उत्तरदायी भई प्रचलित कानुन बमोजिम गर्नुहुन जानकारी गराइन्छ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस विद्यालयको शिक्षकको हैसियतले गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना गर्नुहुने अपेक्षा साथ यस विद्यालयको शिक्षकको रूपमा प्रवेश गर्नु भएकोमा बधाइ छ।

.....

प्रधानाध्यापक

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाइ

हेटौडा,मकवानपुर

श्री थाहा नगरपालिका,शिक्षा शाखा इन्द्रायणीचौर,मकवानपुर

राजपत्र राजपत्र

अनुसूची -१४ 'ख'

(करार शिक्षक छनोट कार्यबिधि २०७७ को दफा ३ को उपदफा ५ संग सम्बन्धित)

करार सम्झौता

श्री ..... विद्यालय,थाहा- ,

..... (यस पछि पहिलो पक्ष भनिएको).....गाउँ/नगरपालिका वडा नं. ..... बस्ने श्री ..... (यस पछि दोस्रो पक्ष भनिएको) का बीच यस थाहा नगरपालिका .....स्थित .....विद्यालयमा .....शिक्षक पदमा कामकाज गर्न गराउन मिति .....।.....।.....को निर्णयानुसार देहायका कार्य शर्तको अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकोले यो करार संझौता गरि एक एक प्रति आपसमा बुझिलियौ /दियौ:

१) कामकाज सम्बन्धमा :

दोस्रो पक्षले आफूलाई तोकिएको सलग्न कार्य बिवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवस्यक्ता अनुसार विषयगत क्षेत्रमा रही थप काम गर्नु पर्नेछ।

२) काम गर्नु पर्ने स्थान थाहा न.पा.वडा नं. ..... स्थित विद्यालय र आवश्यक्ता अनुसार तोकिएका अन्य स्थानमा समेत काम गर्नु पर्नेछ।

३) करारमा काम गरे वापत पाउने पारिश्रमिक :

प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोस्रो पक्षलाई मासिक स्केल संघीय सरकारले तोके बमोजिमको रू.....(अक्षेरुपी रु.....मात्र), मासिक रू.२०००।- मंहँगी भत्ता गरी जम्मा रू.....(रु.....मात्र),

४) आचरण:

स्थानीय राजपत्र

दोस्रो पक्षले प्रचलित शिक्षा ऐन ,नियम र अन्य कानुनमा भएको व्यवस्था भए अनुसारको आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरू पालना गर्नु पर्नेछ।

५) विदा:

दोस्रो पक्षलाई सार्वजनिक विदामा, पर्व तथा भैपरी आउने विदा वार्षिक १२ दिन ,विरामी विदा वार्षिक १२ दिन र प्रधानाध्यापकबाट स्वीकृत भएको काज बाहेक कुनै किसिमको विदा उपलब्ध हुनेछैन। साथै विद्यालयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। यसरी सार्वजनिक विदाको दिनमा विद्यलयम काम लगाए बापत थप रकम दोस्रो पक्षलाई दिइनेछैन। विद्यालयका कामको सिलसिलामा विद्यालय बाहिर जानु परेमा प्रधानाध्यापकको स्वीकृत गराई जानुपर्नेछ।

६) विद्यालयको सम्पतिको सुरक्षा:

दोस्रो पक्षले विद्यालयको चल अचल सम्पतिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ती वा हानी नोक्सानीको विगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

७) गोप्यता:

दोस्रो पक्षले विद्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ती दोस्रो पक्षबाट भराइनेछ।

८) करार अवधि:

यो करार अवधि २०....।.....।.....देखि २०....।.....सम्मको लागि हुनेछ।

९) कार्यसम्पादन मूल्याङ्कन:

पहिलो पक्षले दोस्रो पक्षको कार्यसम्पादन मूल्याङ्कन गर्ने र सो मूल्याङ्कन गर्दा सालबसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार शिक्षक छनोट कार्यबिधिको दफा ..... बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ।

१०) पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य:

दोस्रो पक्षले पहिलो पक्षलाई जानकारी नदिई लगातार १५ दिन वा सोभन्दा लामो समय सेवा उपलब्ध नगराएमा ,सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वत: यो सम्झौता पहिलो पक्षले रद्द गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन। दोस्रो पक्षले शारीरिक रूपमा अस्वस्थ भई वा अन्य कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उलंघन गरेमा दोस्रो पक्ष संगको संझौता रद्द गर्न सक्नेछ र निजको सट्टामा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन र स्थायी शिक्षक सरुवा भै हाजिर हुन आएमा हाजिर भएकै दिन देखि करार सम्झौता सकिनेछ।

११) दाबी नपुग्ने:

स्वीकृत राजपत्र

दोस्रो पक्षले यस करार वमोजिम काम गरेकै आधारमा पछि कुनै अस्थायी वा स्थायी नियुक्ति हुनको लागि दाबी गर्न पाउने छैन / गर्ने छैन। तर विद्यालयमा काम गरेको सेवा अवधि प्रमाणित गरी कार्य सम्पादन मूल्याङ्कन भने पहिलो पक्षले गरी प्रमाणित गर्नेछ।

१२) प्रचलित कानून लागू हुने :

यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपालको कानून बमोजिम हुनेछ।

विद्यालयको तर्फबाट	दोस्रो पक्ष (करार गर्ने व्यक्ति)	रोहवर
हस्ताक्षर:	हस्ताक्षर:	हस्ताक्षर:
नाम:	नाम:	नाम:
पद:	पद:	पद:
विद्यालयको छाप	ठेगाना:	विद्यालयको छाप

प्रशासनिय प्रयोजन

अनुसूची -१५

विज्ञलाइ दिइने नियुक्ति पत्रको ढांचा

विषय :- विज्ञमा सूचीकृत गरिएको सम्वन्धमा

श्री .....

शिक्षक .....श्रेणी

.....विद्यालय .....मकवानपुर

थाहा नगरपालिका, शिक्षा तथा खेलकुद शाखाको प.सं. .....च.नं.....मिति २०७७.....को सूचना बमोजिम तोकिएको शर्त अनुसार यस नगरपालिका भित्र रिक्त भएका र पछि रिक्त हुने तपसिल अनुसारको तह, श्रेणी र विषयका शिक्षक दरबन्दी ,राहत कोटा, शिक्षण सहयोग अनुदान तथा विद्यालय कर्मचारी अनुदानमा करारमा पदपूर्ति गर्नको लागि लिखित प्रयोगात्मक तथा मौखिक परीक्षा सन्चालन तथा व्यवस्थापन कार्यमा विज्ञको रुपमा कार्य गर्ने प्रयोजनका लागि २०७७।०७।०१ देखि २(दुई) वर्षको लागि विषय विज्ञमा सूचीकृत गरिएको छ ।यस नगरपालिका लाई आवश्यक परेका वखत सहयोग गर्नु हुनेछ भन्ने अपेक्षा राखेका छौं ।विषय विज्ञका रुपमा सूचीकृत हुनु भएकोमा हार्दिक बधाई छ ।

तपसिल

सि .नं.	तह	विषय	सूचीकृत गरिएको

१	प्रा विद्यालय कर्मचारी/बाल कक्षा.	सवै	
२	प्राथमिक तह	सवै	
३	नितह. मा.	.....	
४	मातह.	.....	
५	उतह.मा.	.....	

अनुसूची(१६)

विज्ञले गर्ने शपथ ग्रहण फारमको ढाँचा

म ..... ईश्वरको नाममा /सत्य निष्ठासाथ शपथ लिन्छु कि विद्यालय शिक्षा सेवाको विषय विज्ञको हैसियतले मलाई ठेकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान धर्म सम्झी राष्ट्र र शिक्षण पेशाप्रति बफादार रही भय, पक्षपात र द्वेष नराखी लोभ लालच र मोलाहिजा नगरी इमान्दारी साथ ऐन,यस नियमावलीर प्रचलित कानुनको अधीनमा रही गर्नेछु र मलाई ज्ञात हुन आएको सेवासँग सम्बन्धित कुनै गोप्य कुरा तोकिएको सम्बन्धित व्यक्तिलाई बाहेक अरु कसैलाई म नोकरीमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा सङ्केत गर्ने छैन ।

शपथ ग्रहण गर्ने विषय विज्ञको:-
सही:
नाम:
पद:
मिति:

शपथ ग्रहण गराउने अधिकारीको:-
सही:
नाम:
पद:
मिति:

अनुसूची-१७

विद्यालयले करार शिक्षक नियुक्तिको लागि प्रकाशित गर्ने विज्ञापनको ढाँचा

विषय: शिक्षक आवश्यकता

उपर्युक्त विषयका सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइ कार्यालय मकवानपुको मिति को च.न. को शिक्षक पदपूर्ति अनुमति पत्रानुसार तपसिल अनुसारको यस विद्यालयमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले शिक्षा ऐन तथा नियमावली(संशोधन सहित) अनुसार योग्यता पुगेका नेपाली नगरिकहरुबाट दरखास्तका लागि यो विज्ञापन प्रकाशन गरिएको छ ।

<u>तपसिल:</u>
विषय:
तह:
न्यूनतम शैक्षिक योग्यता :-

<u>आवश्यक कागजातहरु:</u>

-स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

-नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि १ थान

-शैक्षिक योग्यताको प्रमाणपत्रहरुको १/१ प्रति प्रतिलिपि

-तलब सुविधा नेपाल सरकारले तोकेबमोजिम हुनेछ

स्थानीय राजपत्र

-दरखास्त दिने अन्तिम मिति .....गते सम्म

-परीक्षा मिति.....गते

-परीक्षाको किसिम लिखित तथा अन्तर्वार्ता र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा समेत लिन सकिनेछ

-आवेदन दस्तुर रु ....मात्र

उल्लेखित मिति भित्र शिक्षक सेवा आयोगले प्रकाशित गरेको करार सूचिमा रहेका उम्मेदवारहरुको दरखास्त प्राप्त भएमा उक्त उम्मेदवारहरु मध्ये बाट नियम अनुसार नियुक्त गरिनेछ । प्राप्त नभएमा शिक्षा नियमावली(संशोधन सहित) को नियम ९६ र ९७ अनुसार शिक्षक नियुक्त गरिनेछ ।

अनुसूची-१८

विज्ञमा सूचीकृत हुन प्रकाशित गर्ने सूचनाको ढाँचा

थाहा नगरपालिका ,शिक्षा शाखा

च.नं. मिति

विषय :- करार शिक्षक नियुक्ति प्रयोजनार्थ विषय विज्ञको रुपमा सूचीकृत हुन चाहने उम्मेद्वारहरुकोलागि दरखास्त आह्वानको सूचना

प्रस्तुत विषयमा यस थाहा नगरपालिका स्थित सामुदायिक विद्यालयहरूमा रिक्त हुने सवै प्रकारका दरबन्दी, राहत, अनुदान कोटा करारमा पदपूर्ति गर्ने प्रयोजनकोलागि संबन्धित तह र श्रेणीमा कम्तिमा ५ वर्ष अनुभब प्राप्त गरेका कार्यरत तथा सेवा निवृत स्थायी शिक्षकहरुबाट तपसिल वमोजिमको कागजात तथा दस्तुर सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस न.पा.ले तोकेको दरखास्त फाराम भरी बुझाउनुहुन संबन्धित सवैमा यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१) सूचना नं. :

२) पद: विषय विज्ञ क) प्रा.शि. - सवै विषय ख) नि.मा.शि. - संबन्धित विषय ग) मा.शि. - संबन्धित विषय घ) मा.शि.द्वि.- संबन्धित विषय

३) शैक्षिक योग्यता:-

क) सि. नं. २ 'क' को लागि शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण गरी कम्तिमा प्राथमिक तृतीय श्रेणीमा ५ वर्षको अनुभव सहितको स्थायी शिक्षक भई कार्यरत वा सेवा निवृत भएको

ख) सि. नं. २' ख'' को लागि शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण गरी संबन्धित विषयमा कम्तिमा निम्न माध्यमिक तृतीय श्रेणीमा ५ वर्षको अनुभव सहितको स्थायी शिक्षक भई कार्यरत वा सेवा निवृत भएको ।

ग) सि. नं. २ 'ग' को लागि संबन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त गरेको तथा संबन्धित विषयमा कम्तिमा माध्यमिक तृतीय श्रेणीमा ५ वर्षको अनुभव सहितको स्थायी शिक्षक भई कार्यरत वा सेवा निवृत भएको ।

घ) सि. नं. २ 'घ' को लागि संबन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त गरेको तथा संबन्धित विषयमा कम्तिमा माध्यमिक द्वितीय श्रेणीमा १ वर्षको कार्यानुभव सहित कार्यरत वा सेवा निवृत भएको ।

स्थानीय राजपत्र

४) आवश्यक कागजातहरू:-

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) शैक्षिक योग्यता (स्नातक र सोभन्दा माथि) का प्रमाणपत्रका प्रतिलिपिहरु

ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि घ) अस्थायी तथा स्थायी नियुक्ति / बढुवा पत्रका प्रतिलिपिहरु

५) दस्तुर :

क) प्रा.शि. (सवै विषय) को लागि रू. २०० (रु. दुई सय) मात्र।

ख) नि.मा..शि. (संबन्धित विषय) को लागि रू. ३०० (रु. तिन सय) मात्र र १ विषय भन्दा बढी विषयको विज्ञ हुन चाहेमा थप विषयको प्रति विषय रु. १०० का दरले बढीमा ३ विषय सम्म मात्र।

ग) मा..शि. (संबन्धित विषय) को लागि रू. ५०० (रु. पाँच सय) मात्र र १ विषय भन्दा बढी विषयको विज्ञ हुन चाहेमा थप विषयको प्रति विषय रु. २०० का दरले बढीमा ३ विषय सम्म मात्र।

घ) मा..शि. द्वि. (संबन्धित विषय) को लागि रू. ६०० (रु. छ सय) मात्र र १ विषय भन्दा बढी विषयको विज्ञ हुन चाहेमा थप विषयको प्रति विषय रु. २०० का दरले बढीमा २ विषय सम्म मात्र । (उपर्युक्त रकम यस न.पा.को राजश्व काउन्टरमा बुझाउन पर्नेछ।)

६) शैक्षिक योग्यता , तालिम र कार्य अनुभवको हकमा माथिल्लो तह वा श्रेणीको अनुभवलाई तल्लो तहको योग्यता तालिम र कार्य अनुभवमा गणना गरिनेछ।

७) मा.शि.द्वितीय (उ.मा. अनुदान, प्राबिधिक धारको मा.शि.द्वि. प्रशिक्षक, मा.शि.द्वि. शिक्षक र मा.शि.तृ. प्राबिधिक विषयका शिक्षक) हरुको लागि विषय विज्ञ हुनको लागि स्थायी अध्यापन अनुमति पत्र र स्थायी सेवामा कार्यरत अनुभव आवश्यक पर्ने छैन्।

८) कुनै पनि उम्मेद्वारले दरखास्त दिँदा शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित मुख्य विषय वा निजको नियुक्ति पत्रमा उल्लिखित विषय बाहेक अन्य विषयमा विज्ञको रुपमा आवेदन दिन पाइने छैन तर सामाजिक शिक्षा र स्वास्थ ,जनसंख्या तथा वातावरण विषयको हकमा भने जुनसुकै विषयको संबन्धित तहको योग्यता र अनुभव भएकाले दरखास्त दिन सक्नेछन्।

९) आवेदन फारामको लागि हाम्रो कार्यलयको web:www.thahamun.gov.np बाट डाउनलोड गर्न र थाहा न.पा.शिक्षा शाखामा सम्पर्क राख्न सक्ने

अनसूची-१९

बिभिन्न पदमा करारमा नियुक्तिको लागि दरखास्त दिंदा उमेदवारले बुझाउनु पर्ने परीक्षा दस्तुरको अधिकतम हद

सि.नं.	पद/श्रेणी	परीक्षा दस्तुर	कैफियत
१	विद्यालय सहयोगी	रु.५००।-	
२	प्रारम्भिक बाल कक्षा शिक्षक	रु.५००।-	
३	विद्यालय कर्मचारी (लेखा)	रु.५००।-	
४	प्राथमिक शिक्षक तृतीय	रू.१०००।-	
५	निम्न माध्यमिक शिक्षक तृतीय	रू.१२००।-	
६	माध्यमिक शिक्षक तृतीय	रू.१५००।-	
७	माध्यमिक शिक्षक द्वितीय	रू.२०००।-	

अनुसूची-२०

करार शिक्षक छनोट समितिको पदाधिकारी तथा विज्ञहरुलाई दिइने बैठक तथा प्रशनपत्र निर्माणको अधिकतम दर (थाहा न.पा. भित्रका व्यक्तिहरुको हकमा)

राष्ट्रिय राजपत्र

सि नं.	पद	बैठक भत्ता दर	बैठक संख्या (बढीमा)	जम्मा भत्ता	कर कट्टी १५%	यातायाता तथा खाना खाजा खर्च अधिकतम	जम्मा रकम
१	अध्यक्ष	रू.१०००।-	३(तीन)	रु.३०००।-	रु.४५०।-	रु.४५०।-	रु.३०००।-
२	सदस्य / आमन्त्रित सदस्य	रू.१०००।-	३(तीन)	रु.३०००।-	रु.४५०।-	रु.४५०।-	रु.३०००।-
३	विषय विज्ञ	रू.१०००।-	३(तीन)	रु.३०००।-	रु.४५०।-	रु.४५०।-	रु.३०००।-
४	सहायक कर्मचारी	रू.१०००।-	२(तीन)	रु.२०००।-	रू.३००।-	रू.३०० ।-	रू.२,०००।-
५	विद्यालय/का.स.					रु.५००।-	रु.५००।-

दष्ट्रव्य:-१) एउटा विद्यालयको छनोट कार्य गर्दा बढीमा ७ वटा बैठक सञ्चालन हुने भए पनि तीनवटा बैठकको मात्र भुक्तानी दिने र दुई वा तीनवटा विद्यालयको छनोट कार्य भएमा बैठकको मिति र समय नदोहोरिने गरी प्रत्येक विद्यालयको कम्तीमा १/१ वटा बैठकको भत्ता थप गरी भुक्तानी दिन सकिने छ। एउटा प्रतिनिधिले तीनवटा भन्दा बढी विद्यालयको एकै दिन गरिएको छनोट परीक्षामा प्रतिनिधित्व गर्दा परीक्षाको कार्य गर्न नभ्याउने र गोपनियता कायम गर्न नसकिने हुँदा ३ वटा भन्दा बढी विद्यालयको छनोट परीक्षामा अन्य प्रतिनिधि खटाउने व्यवस्था गरेर मात्र छनौट कार्य गर्ने व्यवस्था मिलाउनु पर्नेछ। प्रतिनिधिको अभावले ३ भन्दा बढी विद्यालयको छनोट परीक्षा एकैदिन भएको अवस्थामा ती सबै विद्यालयको छनोट कार्य गरे वापत बढीमा ५(पाँच) वटा बैठकको भन्दा बढीको भत्ता रकम लिन पाइनेछैन।

२) प्रथम चरणको सामान्य परीक्षामा ५० वटा वस्तुगत बहुवैकल्पिक प्रश्न बनाउन उही दिन नभ्याइने हुँदा गोपनियता कायम रहने गरी एक दिन अगावै वस्तुगत बहुवैकल्पिक प्रश्न निर्माण गरे वापत प्रति प्रश्न रू.५०(पचास मात्र) का दरले ५०(पचास)वटा प्रश्नको हुने रू. २५००।- (रु.दुई हजार पाँच सय मात्र) मा नियमानुसार १५% अग्रिम पारिश्रमिक कर कट्टा गरी प्रश्नपत्र निर्माणकर्तालाई भुक्तानी दिइनेछ।विषयगत प्रश्नको हकमा परीक्षाको हकमा परीक्षाकै दिन तत्काल निर्माण गरिनेछ। यस वापत थप रकम भुक्तानी गर्नु पर्ने छैन।

<u>तपसिल</u>

सि.नं.	पद	प्रश्न निर्माण दर	प्रश्न संख्या	जम्मा प्रश्न निर्माण रकम	अ.पा.कर कट्टी	खुद पाउने रकम	कैफियत
१	प्रश्नपत्र निर्माणकर्ता विज्ञ	रू.५०।-	५० (वस्तुगत)	रू.२५००।-	रू.३७५।-	रू.२१५०।-	
२	प्रश्नपत्र निर्माणकर्ता विज्ञ	रू.१०।-	५० (विषयगत)	रू.५००।-	रू.७५।-	रू.४२५।-	

स्थानीय राजपत्र

अनुसूची-२१

थाहा नगरपालिका बाहिरका विज्ञले काममा खटेको दिन बाहेक आउँदा र जाँदा पाउने दैनिक भ्रमण भत्ताको अधिकतम दर

सि नं.	विज्ञ कार्यरत संस्थाको ठेगाना	दै भत्ता .भ. दर	दैनिक भत्ता पाउने जम्मा दिन			यातायात तथा फुटकर खर्च			कुल जम्मा
			आउँदा	जाँदा	जम्मा दिन	आउँदा	जाँदा	जम्मा	
१	थाहा न.पा. संग जोडिएका पालिकाहरू	रु. १६००।-	१	१/४	$१\frac{१}{४}$	५००।-	५००।-	१०००।-	३१००।-
२	माथि सि.नं. १ बाहेकका धादिङ, मकवानपुर, र काठमाण्डौं जिल्ला स्थित अन्य पालिकाहरू	रु. १६००।-	१	$१\frac{१}{४}$	$२\frac{१}{४}$	१०००।-	१०००।-	२०००।-	५६००।-
३	अन्य जिल्लाहरू	रु. १६००।-	२	$१\frac{१}{४}$	$३\frac{१}{४}$	२०००।-	२०००।-	४०००।-	५६००।-

दष्ट्रव्य : उपर्युक्त बमोजिम आतेजाते वापतको रकममा काममा खटिएको दिनको लागि विहानै देखि खट्नु पर्ने भएकोले प्रतिदिन विहान दिउँसो र बेलुका गरी ३(तीन) वटा बैठक वापत प्रति वैठक रू.१०००।- का दरले ३ बैठक हुने रकम रू.३०००।- मध्ये नियमानुसार अग्रिम पारिश्रमिक वापत कट्ट गरी हुन आउने रकम रू.२५५०।- का दरले खटिएको प्रत्येक दिनको उपलब्ध गराइने छ र सो रकम लिएपछि उक्त दिनको दैनिक भत्ता भने उपलब्ध गराइने छैन।

अनुसूची (२२)

विद्यालयले थाहा नगरपालिकासँग अनुमतिको सिफारिस माग गर्न लेख्ने पत्रको ढाँचा

प्रस्तुत विषयमा यस ....विद्यालय,..... मकवानपुरमा कार्यरत .....विषय करार शिक्षक श्री ...ले आफ्नो व्यक्तिगत कारण देखाइ राजिनामा दिए पश्चात रिक्त हुन गएको .....पदमा नियमानुसार करारमा नियुक्ति गर्न अनुमतिको लागि सिफारिस गरिदिनुहुन भनी वि.व्य.स.को निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुरोध भईआएकोले नियमानुसार उक्त कोटामा करारमा नियुक्ति गर्न अनुमति प्रदान गरिदिनुहुन अनुरोध छ ।

राजपत्र राजपत्र

अनुसूची -२३

विद्यालयले करार शिक्षक नियुक्तिको लागि अनुमति माग गर्ने वि.वय.स. बैठकको ढाँचा

आज मिति २०..../..../ .....गतेका दिन यस श्री .....विद्यालय, ... को विद्यालय व्यवस्तापन समितिको बैठक समितिका अध्यक्ष श्री ..... को अध्यक्षतामा बसी तपसिलका निर्णय गरियो।

उपस्थिति

सि.नं.	नाम थर	पद	प्रतिनिधित्व	दस्तखत
१	श्री	अध्यक्ष	अध्यक्ष वि.व्य.स.	
२	श्री	सदस्य	सदस्य वि.व्य.स.	
३	श्री	सदस्य	सदस्य वि.व्य.स.	
४	श्री	महिला सदस्य	सदस्य वि.व्य.स.	
५	श्री	महिला सदस्य	सदस्य वि.व्य.स.	
६	श्री	पदेन सदस्य	सदस्य वि.व्य.स.	
७	श्री	सदस्य	सदस्य वि.व्य.स.	
८	श्री	सदस्य	शिक्षक प्रतिनिधि	
९	श्री	सदस्य सचिव	प्रधानाध्यापक	

प्रस्ताबहरू

प्रस्ताव नं. १, करारमा शिक्षक पदपूर्तिकोलागि अनुमति माग गर्ने सम्बन्धमा

निर्णयहरु

निर्णय नं. १:- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस विद्यालयमा ..... कारणले रिक्त हुन आएको ..... तह ..... श्रेणी .....विषयको शिक्षक दरवन्दी / राहत /शिक्षण सहयोग/अनुदान कोटा रिक्त हुन आएकोले उक्त पद बढीमा १(एक) वर्षको लागि करारमा नियुक्ति गर्नुपर्ने भएकोले सो अनुमतिको लागि यस थाहा न.पा.को वडा नं. ..... र थाहा न.पा.शिक्षा शाखाको सिफारिस सहित शिक्षा विकास तथा समन्वय इकाइ,मकवानपुरमा अनुमति माग गर्ने सर्वसम्मत निर्णय गरियो।

अनुसूची -२४

थाहा नगरपालिकाले करार शिक्षक/कर्मचारी नियुक्तिको लागि प्रदान गर्ने अनुमति/ अनुमतिको सिफारिसको ढाँचा

.... गाउँपालिका / नगरपालिका
.....बागमती..... प्रदेश

शैक्षणिक सङ्गठन

मिति:.....

विषय:- सिफारिस सम्बन्धमा।

श्री शिक्षा विकास तथा समन्वय इकाई

हेटौंडा,मकवानपुर

प्रस्तुत विषयमा ..... विद्यालय, थाहा.....,को च.नं....., मिति ..... को पत्रानुसार उक्त विद्यालयमा कार्यरत .....को शिक्षक श्री ....., श्री..... विद्यालय सरुवा भै गए / राजीनामा दिए पश्चात/अवकाश भै रिक्त हुन आएको ..... तहको शिक्षक करारमा नियुक्ति गर्न त्यस इकाईमा सिफारिस गरिदिनुहुन भनी सो विद्यालयको वि.व्य.स वैठक र वडा कार्यालयको निर्णय सहित लेखी आएकाले ..... तहको शिक्षक करारमा नियुक्तिको लागि अनुमति प्रदान गरिदिनुहुन सिफारिस गरिन्छ।

स्थानीय राजपत्र

अनुसूची (२५)

शिक्षा विकास तथा समन्वय इकाइले करार शिक्षक नियुक्तिको लागि प्रदान गर्ने अनुमतिको ढाँचा

यस कार्यालयको मिति ..... को निर्णयानुसार त्यस विद्यालयमा कार्यरत .....शिक्षक ...राजीनामा/.अवकाश/सरुवा पश्चात रिक्त हुन आएको दरबन्दीमा शिक्षक पदपूर्ति गर्नको लागि यस कार्यालयबाट अन्य व्यवस्था भई आएमा स्वत: हट्ने गरी बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक पदपूर्ति गर्न अनुमति प्रदान गरिएको छ । शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९१ बमोजिम शिक्षक व्यवस्थापन हुने गरी नियम ९६(क) बमोजिम विद्यालय व्यवस्थापन समितिले शिक्षक छनोट समिति गठन गरी निम्नानुसारका प्रक्रियाहरु पूरा गरी अभिलेख कायमका लगि कार्य सम्पादन भएको ७(सात) दिन भित्र सम्पूर्ण कागजातहरु यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

तपसिल

१) थाहा नगरपालिका सँग समन्वय गरी विद्यालय व्यवस्थापन समितिको बैठक बसी कम्तिमा १५ दिनको विज्ञापन प्रकाशित गर्ने र विज्ञापनमा परीक्षा मिति अनिवार्य रुपमा उल्लेख हुनुपर्ने सो को जानकारी स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइलाई दिने ।
२) प्रकाशित विज्ञापन शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धित न.पा.को कार्यालय र विद्यालयमा टाँस गरी मुचुल्का खडा गर्ने साथै स्थानीय सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने ।
३) दरखास्त अनिवार्य रुमा विद्यालयमा दर्ता गर्ने ।
४) शिक्षक सेवा आयोग नियमावली, २०५७(संशोधन सहित) को नियम ९ बमोजिम योग्यता तथा तालिम भई स्थायी अध्यापन अनुमति पत्र भएका व्यक्तिको मात्र दरखास्त स्वीकृत गर्ने ।
५) शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीको उम्मेदवार उपलब्ध हुन नसकेमा मात्र शिक्षा नियमावली, २०५९(संशोधन सहित) को नियम ९७ को उपनियम (३) एवं नियम ९१ को उपनियम (१) बमोजिम र सो पछिका उपनियमका आधारमा नियुक्ति गर्ने तर विषय विज्ञको छनोट परीक्षा सञ्चालन हुनु भन्दा केही समय अघि मात्र शिक्षा विकास तथा समन्वय इकाइ बाट तयार भएको विषय विज्ञको सूचीबाट गोला प्रथाद्वारा छनोट गर्ने ।
६) शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार लिखित र मौखिक परीक्षा सञ्चालन गर्ने र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा समेत लिन सक्ने व्यहोरा विज्ञापनमा नै उल्लेख गर्ने ।
७) शिक्षक सेवा आयोग नियमावली, २०५७(संशोधन सहित) को नियम २४ को (३) र (४) बमोजिमका उम्मेदवारलाई मेरिटका आधारमा शिक्षा नियमावली, २०५९(संशोधन सहित) को नियम ९७ बमोजिम नियुक्ति गर्ने ।
८) शिक्षक छनोट समितिले सिफारिस गरेको उम्मेदवारलाई ३ (तीन) दिन भित्र विद्यालय व्यवस्थापन समितिको निर्णय गराई नियुक्ति दिने ।
९) सफल उम्मेदवारको दरखास्त, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, स्थायी अध्यापन अनुमति पत्र, नेपाली नागरिताको प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु, अन्तर्वार्ता लिने व्यक्तिको कुनै पनि उम्मेदवारहरु सँग नाता सम्बन्ध नभएको व्यहोरा प्रमाणित कागज, शिक्षक छनोट समिति गठन देखि नियुक्ति हुँदाको बखतसम्मको निर्णयहरुको प्रमाणित प्रतिलिपिहरु सहित अभिलेख कायम गर्न व्यक्तिगत फाईलमा समावेश गरी पेश गर्ने ।
१०) शिक्षक छनोट समितिले लिएको लिखित, मौखिक र प्रयोगात्मक परीक्षाका सम्पूर्ण सामग्रीहरु सिलबन्दी गरी सुरक्षित रुपमा विद्यालयमा राखी माग भएको बखत शिक्षा विकास तथा समन्वय इकाइमा पेश गर्ने ।

बोधार्थ:

श्री थाहा नगरपालिका कार्यालय, मकवानपुर ।
श्री....वडा कार्यालय, थाहा नगारपालिका, मकवानपुर ।

स्थानीय सरकार

शिक्षक सेवा आयोगको पाठ्यक्रम र त्यसको विस्तृतीकरण

- प्राथमिक तह बिषयगत पाठ्यक्रम :- पेज 1-5
- निम्न माध्यमिक र प्राथमिक वस्तुगत तथा विषयगत लिखित परीक्षा योजना :- पेज 1-7
- निम्न माध्यमिक विषयगत अंग्रेजी पाठ्यक्रम:- पेज 1-3
- निम्न माध्यमिक नेपाली विषयगत पाठ्यक्रम:- पेज 1-3
- निम्न माध्यमिक गणित विषयगत पाठ्यक्रम:- पेज 1-3
- निम्न माध्यमिक विज्ञान विषयगत पाठ्यक्रम:- पेज 1-6

- निम्न माध्यमिक सामाजिक विषयगत पाठ्यक्रम:- पेज 1-4
- माध्यमिक तह वस्तुगत तथा विषयगत लिखित परीक्षा योजना :- पेज 1-6
- माध्यमिक नेपाली विषयगत पाठ्यक्रम:- पेज 1-3
- माध्यमिक अंग्रेजी विषयगत पाठ्यक्रम:- पेज 1-3
- माध्यमिक गणित विषयगत पाठ्यक्रम:- पेज 1-4
- माध्यमिक विज्ञान विषयगत पाठ्यक्रम:- पेज 1-6
- माध्यमिक सामाजिक विषयगत पाठ्यक्रम:- पेज 1-4

आज्ञाले,

नामः हरिलाल पुरी

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र